# प्रभाव दैनिक
National Daily

वर्ष १३ | अंक २६ | काठमाडौं | मंगलबार, ५ जेठ २०८३ | Prabhab National Daily | Tuesday, 19 May 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५ |-

जातीय भेदभाव अन्त्य गरौं,
समानता र सम्मान बढाऔं ।

- जातीय भेदभाव तथा छुवाछुत मानवअधिकारको गम्भीर उल्लङ्घन हो–यसको अन्त्य गरौं,
- सबै नागरिकलाई समान अधिकार र अवसर सुनिश्चित गरौं,
- विभेदरहित समाज निर्माणमा सक्रिय भूमिका निर्वाह गरौं,
- दलित तथा पछाडि परेकारपारिएका समुदायको सशक्तिकरणमा योगदान दिऔं,
- शिक्षा, चेतना र सहकार्यबाट सामाजिक सद्भाव बढाऔं,
- हरेक व्यक्ति बराबर छन् भन्ने मान्यता व्यवहारमा लागू गरौं,
- एकता, सहिष्णुता र आपसी सम्मानलाई प्रवर्द्धन गरौं ।

समानता र सामाजिक न्याय, राष्ट्रिय एकताको आधार ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सरकार र न्यायालयबीचको टकरावमा संसद् प्रवेश

- संवैधानिक परिषद्ले वरीयता मिचेर प्रधानन्यायाधीश सिफारिस गरेपछि न्यायालयभित्रै टकराव
- सर्वोच्च प्रशासनले प्रधानन्यायाधीश सिफारिसविरूद्धको रिट दर्ता नगरेपछि कायममुकायम प्रधानन्यायाधीश सपना प्रधान मल्लद्वारा रिट दर्ता गर्न आदेश
- कायममुकायम प्रधानन्यायाधीशको आदेशपछि दर्ता शाखाका कर्मचारीहरु कार्यकक्षमै बसेनन्, सोमबार पनि दर्ता भएन रिट
- रास्वपा सांसदहरूले संविधानविपरीत प्रतिनिधिसभा बैठकमै गरे कायममुकायम प्रधानन्यायाधीश मल्लको विरोध, राजनीतिमा आउन चुनौती
- सर्वोच्च प्रशासनले रिट दर्ता नगरेकोप्रति नेपाल बारको विरोध, संसद्मा न्यायालयमा विचाराधीन विषय उठाउनु संविधानको धारा १०५ विपरीत रहेको निष्कर्ष


कामु प्रधानन्यायाधीश सपना प्रधान मल्ल ।


सोमबार बसेको प्रतिनिधिसभा बैठक

■ जेबी योञ्जन

**काठमाडौं–** संवैधानिक परिषद्ले वरिष्ठताको स्थापित परम्परा तोड्दै चौथो वरीयताका न्यायाधीश डा. मनोजकुमार शर्मालाई प्रधानन्यायाधीशमा सिफारिस गरेपछि कार्यपालिका र न्यायपालिकाबीचको टकराव सतहमा देखिएको छ । परिषद्को सिफारिस, त्यसविरुद्ध सर्वोच्च अदालतमा दायर रिट र ती रिट दर्तामै रोक लगाइएको घटनाक्रमले अहिले राज्यका दुई अंगबीच प्रत्यक्ष शक्ति संघर्षको अवस्था सिर्जना भएको हो ।

कायममुकायम प्रधानन्यायाधीश सपना प्रधान मल्लको समूह र प्रस्तावित प्रधानन्यायाधीश शर्मा पक्षबीच बढ्दो अविश्वास अहिले खुला द्वन्द्वमा परिणत भएको देखिएको छ । संवैधानिक परिषद्को निर्णयविरुद्ध वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीलगायतको रिट निवेदन दर्ता गर्न सर्वोच्च अदालत प्रशासनले अस्वीकार गरेपछि विवाद झन् चर्किएको हो ।

कानुन व्यवसायीहरूले अध्यादेश र प्रधानन्यायाधीश सिफारिस दुवैविरुद्ध रिट दायर गर्न खोजेका थिए । तर, सर्वोच्च अदालत प्रशासनले केही निवेदन दरपीठ गर्‍यो भने केहीलाई दर्ता नै गरेन । अझ दरपीठविरुद्धको निवेदनसमेत दर्ता नभएपछि सर्वोच्च अदालतभित्रै न्यायिक प्रक्रिया अवरुद्ध गरिएको आरोप उठ्यो ।

यस्तोमा सोमबार कायममुकायम प्रधानन्यायाधीश मल्ल स्वयंले हस्तक्षेप गर्दै रिट दर्ता गर्न लिखित आदेश दिइन् । उनले कानुनअनुसार दर्ता हुन आएका निवेदन रोक्नु न्यायप्राप्तिको बाटोमा अवरोध भएको ठहर गरिन् । उनको आदेशको सबैभन्दा संवेदनशील अंश भने मुख्य रजिस्ट्रारले प्रधानन्यायाधीशमा सिफारिस भएका न्यायाधीश डा. मनोज शर्माकै निर्देशनमा रिट दर्ता नगरिएको जानकारी दिएको भन्ने उल्लेख हो ।

न्यायिकवृत्तमा प्रस्तावित प्रधानन्यायाधीश शर्मा पक्षलाई रिट दर्ता भएर अन्तरिम आदेश जारी भए नियुक्ति प्रक्रिया रोकिन सक्ने चिन्ता छ । विशेषगरी अध्यादेशकै संवैधानिकता कानुनी प्रश्नमा परे संवैधानिक परिषद्को बैठक र त्यसका निर्णयसमेत प्रभावित हुन सक्छन् ।

यही कारण अदालत प्रशासन र प्रस्तावित प्रधानन्यायाधीश पक्ष रिट दर्ताप्रति अनिच्छुक देखिएको आरोप कायममुकायम प्रधानन्यायाधीश पक्ष र कानुन व्यवसायीहरूको छ ।

संवैधानिक कानुनका जानकार टीकाराम भट्टराईका अनुसार यो विवाद प्रधानन्यायाधीश नियुक्तिको सीमित विषयमामात्रै होइन । न्यायापालिका र कार्यपालिकाबीचको टकरावको प्रकटीकरण हो ।

क्रमशः पृष्ठ २ मा



“नेपालको संवैधानिक व्यवस्थामा शक्ति पृथकीकरणलाई लोकतान्त्रिक आधारस्तम्भ मानिन्छ । कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका आ–आफ्नो संवैधानिक सीमाभित्र स्वतन्त्र रहनुपर्ने मान्यता छ । तर, पछिल्लो घटनाक्रमले कार्यपालिका न्यायपालिकाको आन्तरिक संरचनामै प्रभाव पार्ने दिशामा अघि बढेको देखिन्छ ।

■ **टीकाराम भट्टराई**
संवैधानिक कानुनका जानकार

# एडिबी परियोजनामा प्राधिकरणले मिच्यो नियम

## अनिवार्य सर्त नमान्ने कम्पनीलाई पनि प्रतिस्पर्धामा राखियो




- एडिबीको ऋण सहयोगमा अगाडि बढाइएको विद्युत् प्रसारण तथा वितरण प्रणाली सुदृढीकरण आयोजनाको परामर्शदाता छनोट प्रक्रियामै गम्भीर प्रश्न
- अनिवार्य सर्त नै पालना नगर्ने जापानी कम्पनी निप्पोन कोई कम्पनीलाई समेत वित्तीय मूल्यांकनमा सहभागी गराइएको खुलासा
- खरिद प्रक्रियासम्बन्धी जानकारहरु भन्छन्– यो अनिवार्य सर्तको उल्लंघन हो । यस्तो अवस्थामा कम्पनी स्वतः अयोग्य हुनुपर्थ्यो ।

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल विद्युत् प्राधिकरणले अगाडि बढाएको 'विद्युत् प्रसारण तथा वितरण प्रणाली सुदृढीकरण आयोजना' (इटिडिएसपी) को परामर्शदाता छनोट प्रक्रियामै गम्भीर प्रश्न उठेको छ । एसियाली विकास बैंक (एडिबी) को ऋण सहयोगमा सञ्चालन हुने बहुअर्बको यो आयोजनामा अनिवार्य सर्त नै पालना नगर्ने कम्पनीलाई समेत वित्तीय मूल्यांकनमा सहभागी गराइएको खुलेको हो । यसले प्राधिकरणको निष्पक्षता र पारदर्शितामाथि प्रश्न उठेको छ ।

प्राधिकरणले जारी गरेको 'रिक्वेस्ट फर प्रपोजल' (आरएफपी) मा स्पष्टरूपमा स्थानीय खर्च नेपाली रूपैयाँमै उल्लेख गर्नुपर्ने व्यवस्था गरिएको थियो । तर, जापानी कम्पनी निप्पोन कोई कम्पनी लिमिटेडले आफ्नो वित्तीय प्रस्ताव पूर्णरूपमा अमेरिकी डलरमामात्रै पेस गरेको पाइएको छ । त्यसपछि पनि उक्त कम्पनीलाई अयोग्य घोषणा गर्नुको सट्टा मूल्यांकन प्रक्रियामा सहभागी गराइएको छ । यसले प्राधिकरणले बनाएको नियम आफैंले उल्लंघन गरेको देखिएको छ ।

प्राधिकरणद्वारा जारी आरएफपीको खण्ड-२ अन्तर्गत 'आइटिसी' र 'डाटा सिट' को धारा १६.४ मा 'कन्सल्टेन्ट मस्ट स्टेट लोकल कस्ट इन द क्लायन्ट्स कन्ट्री करेन्सी' अर्थात् स्थानीय खर्च अनिवार्यरूपमा ग्राहक मुलुकको मुद्रामा उल्लेख गर्नुपर्ने स्पष्ट व्यवस्था छ । तर, निप्पोन कोईले उक्त सर्त बेवास्ता गर्दै सम्पूर्ण लागत अमेरिकी डलरमै पेस गरेको थियो । यसरी अनिवार्य सर्त उल्लंघन भएको स्पष्ट हुँदाहुँदै पनि प्राधिकरणले उक्त कम्पनीको प्रस्ताव अस्वीकार गरेन । बरु, वित्तीय प्रस्ताव खोल्ने प्रक्रियामासमेत समावेश गरियो । यही विषयलाई लिएर अहिले प्राधिकरणभित्रै प्रश्न उठ्न थालेको छ ।

गत चैत ५ गते खोलिएको वित्तीय प्रस्तावअनुसार जर्मन कम्पनी गोपा टेक जिएमबिएचले ९३ लाख ५० हजार ९१२.३० अमेरिकी डलर र ७० लाख रूपैयाँको प्रस्ताव पेस गरेको थियो । भारतीय कम्पनी पावर ग्रिड कर्पोरेसन अफ इण्डिया लिमिटेडले ७५ लाख ५७ हजार ३८५.३० अमेरिकी डलर तथा ५५ करोड ७३ लाख ३३ हजार २७५ रूपैयाँ प्रस्ताव गरेको थियो । तर, जापानी कम्पनी निप्पोन कोईले भने ९६ लाख ५० हजार ४१२.३० अमेरिकी डलरमात्रै उल्लेख गरेर प्रस्ताव बुझाएको थियो ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# रोजगारी खोज्दै १० महिनामा साढे छ लाखभन्दा बढी युवा विदेसिए

## वैशाखमा मात्र ७४ हजार ४२९ जनाले छाडे मुलुक

■ प्रभाव संवाददाता




**काठमाडौं–** चालु आर्थिक वर्षको १० महिनामा साढे छ लाखभन्दा बढी युवा रोजगारीको खोजीमा विदेसिएका छन् । वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार २०८२ साउनदेखि २०८३ वैशाख महिनाको अवधिमा छ लाख ६१ हजार ७६१ जना रोजगारीका लागि विदेसिएका छन् । यो संख्या संस्थागत तथा व्यक्तिगत श्रम स्वीकृति लिएर गएकाहरूका साथै श्रम स्वीकृति नवीकरण (पुनः श्रम स्वीकृति) गरेर जानेहरूको हो ।

पछिल्लो महिना वैशाखमामात्र जम्मा ७४ हजार ४२९ जना रोजगारीमा गएको तथ्यांक छ । जसमा ६५ हजार १० जना पुरुष र नौ हजार ४१९ जना महिला रहेका छन् । वैशाखमा पहिलोपटक श्रम स्वीकृति लिएर जानेको संख्या ४१ हजार ३२४ जना रहेको छ । जसमा ३४ हजार ९७२ जना पुरुष र छ हजार ३५२ जना महिला छन् ।

विभागका अनुसार इजाजतप्राप्त संस्थामार्फत २३ हजार ४५३ जना पुरुष र दुई हजार ९८० जना महिला गरी कूल २६ हजार ४३३ जना गएका छन् । त्यसैगरी, व्यक्तिगत श्रम स्वीकृति लिएर १४ हजार १३२ जना रोजगारीमा गएका छन् । व्यक्तिगत श्रम स्वीकृति लिएर जाने श्रमिकहरूमध्ये १० हजार ८६९ जना पुरुष र तीन हजार २५३ जना महिला छन् ।

वैशाखमा विभागबाट पुनः श्रम स्वीकृति लिएर ३३ हजार १०५ जना विभिन्न मुलुकमा गएको तथ्यांक छ । जसमा ३० हजार ३८ जना पुरुष र तीन हजार ६७ जना महिला छन् । उक्त महिनामा जिटुजीमार्फत ६२३ जना गएका छन् । जसमध्ये ५५४ जना दक्षिण कोरिया र ६९ जना इजरायल गएको तथ्यांक छ । वैशाखमा सबैभन्दा धेरै श्रमिक मलेसिया गएका छन् ।

क्रमशः पृष्ठ २ मा

### मलेसियन दूतावासले भन्यो

# श्रमिकको स्वास्थ्य परीक्षण ३६ वटा संस्थाबाटै हुन्छ

■ प्रभाव संवाददाता

**काठमाडौं–** रोजगारीका लागि मलेसिया जाने श्रमिकको स्वास्थ्य परीक्षण गर्ने संस्थासम्बन्धी सहमति विगतमै भएको नेपालस्थित मलेसियन दूतावासले जनाएको छ । दूतावासले सोमबार एक सूचना जारी गर्दै दुई मुलुकबीच भएको सम्झौतापत्र (एमओयू)मा बायो-मेडिकल सिस्टममार्फत तोकिएका ३६ वटा संस्थाले परीक्षण गर्ने विषय स्पष्टरूपमा रहेको स्मरण गराएको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले गत चैत १७ गते सूचना जारी गर्दै रोजगारीमा जाने श्रमिकको स्वास्थ्य परीक्षणका लागि स्वीकृति प्राप्त वा सरकारको स्वामित्वमा रहेको स्वास्थ्य संस्थालाई परीक्षणका लागि सूचीकरण खुला गर्ने निर्णय गरेको थियो । सरकारको निर्णय कार्यान्वयनमा आए रोजगारीमा जाने कामदारले आफ्नो इच्छाअनुसार सरकारी या निजी संस्थाबाट स्वास्थ्य परीक्षण गराउन पाउने जनाइएको छ । यसले स्वास्थ्य परीक्षणमा देखिएको सीमित संस्थाको एकाधिकार तोडिने अपेक्षा गरिएको थियो । यद्यपि, मलेसियन दूतावासले भने मलेसिया जाने श्रमिकका लागि ३६ वटा संस्थाले नै परीक्षण गर्ने सम्झौता भएको दाबी गरेको छ ।

नेपाल र मलेसिया सरकारबीच २०१८ जुन २९ मा भएको सम्झौताअनुसार ३६ वटा संस्थाले म्याक्रोटेक प्रालि र बेस्टिनेट एसडिनएन बिएचडीमार्फत बायो मेडिकल सञ्चालन गर्ने अधिकार पाएको दूतावासले स्मरण गराएको छ । परीक्षणका लागि नेपाल सरकारले तोकेको शुल्कको अतिरिक्त तीन हजार रूपैयाँ शुल्क आवश्यक हुने सम्झौता भएको पनि जनाइएको छ ।

### एमालेमा ओलीको नयाँ कार्ड

# पूर्वराष्ट्रपति भण्डारीको सदस्यता नवीकरण



- अध्यक्ष पद धरापमा परेपछि ओलीले नयाँ कार्डको रूपमा विद्या भण्डारीको सदस्यता नवीकरण
- यसअघि ओलीकै अडानमा रोकिएको थियो भण्डारीको सदस्यता नवीकरण
- यो निर्णयले नेकपा र एमालेको एकता प्रक्रियासमेत अघि बढ्ने संकेत देखिएको नेताहरूको भनाइ
- अध्यक्ष पद छाड्न उपाध्यक्ष विष्णु पौडेल र महासचिव शंकर पोखरेलको दबाब बढेपछि भण्डारीलाई सदस्यता दिन ओली तयार भएको दाबी

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेकपा एमालेले पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीलाई सक्रिय राजनीतिमा आउने बाटो खुला गरिदिएको छ । सोमबार बसेको एमाले सचिवालय बैठकले भण्डारीको सदस्यता नवीकरण गर्ने निर्णय गरेको हो ।

यससँगै भण्डारीलाई सक्रिय राजनीति गर्ने बाटो खुलेको हो । यसअघि पार्टी अध्यक्ष केपी शर्मा ओलीले उनको सदस्यता नवीकरण रोकेका थिए ।

सोमबार दिउँसो ओलीनिवास गुण्डुमा बसेको सचिवालय बैठकले भण्डारीलाई सदस्यता दिने निर्णय गरेको उपमहासचिव लेखराज भट्टले जानकारी दिए । एमालेको यो निर्णयले नेपाली कम्युनिस्ट पार्टी (नेकपा) र एमालेको एकता प्रक्रियासमेत अघि बढ्ने संकेत देखिएको नेताहरूले बताएका छन् । एमाले अध्यक्ष ओलीको कारण देखाउँदै माधव नेपाल, झलनाथ खनाललगायत नेताहरू नेकपामा छन् ।

पछिल्लो निर्वाचनमा नेकपा र एमाले कमजोर भएकाले दुवै दल एक भएर जानेबारे छलफल जारी छ । निर्वाचनअघि नै भण्डारी दुई दल एक बनाउने उद्देश्यसहित सक्रिय राजनीतिमा आउन खोजेकी थिइन् । उनको यो चाहनालाई त्यतिबेला ओलीले 'ब्रेक' लगाइदिएका थिए ।

२०८२ साउनको पहिलो साता बसेको एमाले केन्द्रीय कमिटी बैठकले भण्डारीको सदस्यता खारेज गरेसँगै भण्डारीको राजनीति यात्रामा ब्रेक लागेको थियो । २०७९ मा राष्ट्रपतिको दोस्रो कार्यकाल सकिएसँगै भण्डारीले एमाले सदस्यता नवीकरण गरेकी थिइन् । उनी राजनीतिमा आउँदा अध्यक्ष ओलीले आफ्नो अध्यक्ष बन्ने चाहनामै बाधा पुग्ने देखेर भण्डारीको सदस्यता खारेज गरेको बताइएको थियो ।

क्रमशः पृष्ठ २ मा

पृष्ठ १ बाट क्रमशः

## सरकार...

उनले थप भने, 'नेपालको संवैधानिक व्यवस्थामा शक्ति पृथकीकरणलाई लोकतान्त्रिक आधारस्तम्भ मानिन्छ । कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका आ-आफ्नो संवैधानिक सीमाभित्र स्वतन्त्र रहनुपर्ने मान्यता छ । तर, पछिल्लो घटनाक्रमले कार्यपालिका न्यायपालिकाको आन्तरिक संरचनामै प्रभाव पार्ने दिशामा अघि बढेको देखिन्छ ।'

यसबीचमा कार्यपालिका र न्यायपालिकाबीचको विवाद व्यवस्थापिकामा पनि प्रवेश गरेको छ । सोमबार कार्यपालिकाको नेतृत्व दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)कै दुई सांसद यज्ञमणि न्यौपाने र समीक्षा बास्कोटाले कायममुकायम प्रधानन्यायाधीश मल्लको आदेशप्रति विरोध गरे । न्यौपानेले मल्लले सक्रियता देखाएको भन्दै आपत्ति जनाए भने बास्कोटाले राजनीति गर्ने भए  कालो कोट फुकालेर आउन भन्दै चुनौती दिइन् । यसप्रति नेकपा एमालेका प्रमुख सचेतक ऐन महरले गम्भीर आपत्ति जनाए । रास्वपाका सांसदहरू न्यौपाने र बास्कोटाले स्वतन्त्र न्यायपालिकाले सम्पादन गर्ने न्यायिक प्रक्रियामाथि हस्तक्षेप गरेर शक्ति पृथकीकरणको सिद्धान्तलाई समेत उल्लंघन गरेको आरोप लगाए ।

यसबीच कानुन व्यवसायीहरूको संगठन नेपाल बार एसोसिएसनले त रास्वपा सांसदहरू न्यौपाने र बास्कोटाको सम्बोधन संसद्को अभिलेखबाट हटाउन माग गरेको छ । बारले सोमबार राखेको आकस्मिक बैठकले रास्वपा सांसदद्वयले संविधानको उल्लंघन गरेको निष्कर्ष निकालेको छ । अदालतमा विचाराधीन विषयमा संसद्मा छलफल गर्न बन्देज गर्ने प्रावधान संविधानको धारा १०५ मा लेखिएको विषयलाई नजरअन्दाज गरी खुलेआम सोमबारको संसद् बैठकमा छलफल गरिएको विषय अत्यन्त दुःखद् रहेको महासचिव केदार कोइरालाले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

विज्ञप्तिमा भनिएको छ, 'आवेशप्रेरित एवं दम्भमा आधारित उन्मादी अभिव्यक्तिको अन्त्य पश्चातापबाट हुने कुरामा नेपाल बार एसोसियसन स्पष्ट छ । यस्ता मन्तव्यहरू संसदीय अभिलेखबाट हटाउन एवं पुनः यस्ता घटनाहरू दोहोरिन नदिन स्पष्ट आदेश हुन सम्माननीय सभामुखज्यूसमक्ष नेपाल बार एसोसिएसन अनुरोध गर्दछ ।'

कानुन व्यवसायीहरूका अनुसार सरकारले अध्यादेशमार्फत संवैधानिक परिषद्को निर्णय प्रक्रिया बदल्नु र त्यसपछि कनिष्ठ न्यायाधीशलाई प्रधानन्यायाधीशमा सिफारिस गर्नु संयोगमात्र होइन । उनीहरूको बुझाइमा न्यायालयको नेतृत्व आफूअनुकूल बनाउने राजनीतिक प्रयासका रूपमा यो घटनालाई हेरिन थालेको छ ।

सर्वोच्च अदालतभित्रको प्रशासनिक अवरोधले पनि अवस्था असामान्य बनेको छ । मुख्य रजिस्ट्रारदेखि रिट शाखाका कर्मचारीसम्म आदेशपछि कार्यकक्षमा अनुपस्थित भएको विवरण बाहिरिएको छ । आफ्नै मातहतको प्रशासनलाई काम गर्न सर्वोच्च अदालतको नेतृत्वले लिखित आदेश दिनुपरेको अवस्था न्यायिक इतिहासमै दुर्लभ मानिएको छ ।

राजनीतिक वृत्तमा पनि यस घटनालाई चासोका साथ हेरिएको छ । विपक्षी दलहरूले सरकारले संवैधानिक निकायहरूमा नियन्त्रण बढाउने रणनीतिअन्तर्गत न्यायपालिकामा हस्तक्षेप गर्न खोजेको आरोप लगाइरहेका छन् । सत्तापक्ष भने संवैधानिक परिषद्को निर्णय पूर्णरूपमा कानुनी र संवैधानिक भएको दाबी गरिरहेको छ ।

यस्तोमा सर्वोच्च अदालतले यो विवादलाई कसरी व्यवस्थापन गर्छ भन्ने हो । यदि रिट दर्ता भएर सुनुवाइ अघि बढ्छ भने संवैधानिक परिषद्को अध्यादेशदेखि प्रधानन्यायाधीश सिफारिससम्मका निर्णय न्यायिक परीक्षणमा जाने छन् । यदि रिटहरू रोकिराख्ने प्रयास जारी रह्यो भने न्यायपालिकाको स्वतन्त्रता र विश्वसनीयतामाथि अझ गम्भीर प्रश्न उठ्न सक्ने कानुनविद्हरूको भनाइ छ ।

■ ■ ■

## एडिबी...

अर्थात्, स्थानीय खर्च कति हो, त्यो नेपाली रूपैयाँमा खुलाइएको थिएन । खरिद प्रक्रियासम्बन्धी जानकारहरूका अनुसार यो सामान्य प्राविधिक कमजोरी होइन । 'यो अनिवार्य सर्तको उल्लंघन हो । यस्तो अवस्थामा कम्पनी स्वतः अयोग्य हुनुपर्थ्यो,' एक जना पूर्वखरिद विज्ञले भने, 'तर, प्राधिकरणले त्यसलाई बेवास्ता गरेर मूल्यांकनमा राख्नुले मिलेमतोको आशंका बढाएको छ ।'

उनका अनुसार फरक-फरक मुद्रा संरचनामा आएका प्रस्तावलाई एउटै आधारमा तुलना गर्नै कठिन हुन्छ । 'कसैले स्थानीय खर्च रूपैयाँमा देखाएको छ, कसैले डलरमै राखेको छ । यस्तो अवस्थामा वास्तविक लागत तुलना कसरी सम्भव हुन्छ ?,' उनले प्रश्न गरे ।

ऊर्जा क्षेत्रका जानकारहरूका अनुसार यसले भविष्यमा राज्यलाई ठूलो आर्थिक भार पनि पार्न सक्छ । परियोजना कार्यान्वयनको अवधिभर अमेरिकी डलरको विनिमय दर बढे अहिले सस्तो देखिएको प्रस्ताव पछि महँगो पर्न सक्छ ।

'स्थानीय खर्च नेपाली मुद्रामै राख्नुपर्ने प्रावधानको उद्देश्य नै विनिमय दरको जोखिम घटाउनु हो,' ऊर्जा क्षेत्रका एक अधिकारीले भने, 'तर, त्यही प्रावधान तोड्नेलाई छुट दिनु भनेको राज्यलाई भविष्यको आर्थिक जोखिममा धकेल्नु हो ।' यो आयोजना भूमिगत प्रसारणलाइन विस्तार, वितरण प्रणाली सुदृढीकरण तथा सबस्टेसन निर्माणसँग सम्बन्धित छ । यति संवेदनशील परियोजनाको परामर्शदाता छनोटमै नियम मिचिएको देखिएपछि प्राधिकरणको निर्णय प्रक्रियामाथि प्रश्न उठेको छ ।

प्राधिकरणले २०८१ चैत ८ गते आशयपत्र (इओआई) आह्वान गरेको थियो । त्यसपछि संक्षिप्त सूचीमा परेका पाँच कम्पनीलाई २०८२ कात्तिक २ गते आरएफपी पेस गर्न आमन्त्रण गरिएको थियो ।

सोही प्रक्रियाअन्तर्गत २०८२ पुस ३ गते जर्मनीको गोपा टेक, जापानको निप्पोन कोई र भारतको पावर ग्रिड कर्पोरेसन अफ इण्डियालेमात्रै प्राविधिक तथा वित्तीय प्रस्ताव पेस गरेका थिए । तर, वित्तीय प्रस्ताव मूल्यांकनकै क्रममा नियम उल्लंघन भएको देखिए पनि प्राधिकरण मौन बसेको छ । यसले छनोट प्रक्रिया निष्पक्ष नभएको आशंका बढाएको छ ।

खरिद कानुनका जानकारहरूका अनुसार सार्वजनिक खरिद प्रक्रियामा 'अनिवार्य सर्त' उल्लंघन गर्ने प्रस्तावलाई सामान्य त्रुटिका रूपमा लिन मिल्दैन । 'अनिवार्य सर्त पालना नगर्ने कम्पनीलाई प्रतिस्पर्धामा राख्नु नै प्राकृतिक न्यायको सिद्धान्तविपरीत हो,' एक कानुन व्यवसायीले भने, 'भोलि यो विषय अदालत वा अन्तर्राष्ट्रिय दातृ निकायसम्म पुगे परियोजना नै कानुनी विवादमा फस्न सक्छ ।'

प्राधिकरण स्रोतका अनुसार अहिले आन्तरिकरूपमा पनि यो विषयमा छलफल भइरहेको छ । केही अधिकारीहरूले नियम मिचिएको विषय उठाए पनि निर्णय तहमा त्यसलाई दबाउने प्रयास भएको दाबी गरिएको छ ।

'आरएफपीमै स्पष्ट लेखिएको कुरा पालना नगर्ने कम्पनीलाई कसरी योग्य मानियो ? यही प्रश्नको उत्तर अहिले कसैले दिन सकेको छैन,' प्राधिकरणका एक अधिकारीले भने ।

यो प्रकरणले नेपालका ऊर्जा पूर्वाधार आयोजनामा वैदेशिक ऋण र दातृ निकायबाट सञ्चालन हुने परियोजनाको पारदर्शितामाथिसमेत प्रश्न उठाएको छ । आयोजना कार्यान्वयनभन्दा अघि नै छनोट प्रक्रियामै विवाद देखिएपछि आगामी निर्णयलाई अर्थपूर्ण रूपमा हेरिएको छ ।

■ ■ ■

## रोजगारी खोज्दै...

उक्त महिनामा १६ हजार ६२८ जना पुरुष र ६२४ जना महिला गरी १७ हजार २५२ जना मलेसिया गएका छन् । त्यसपछि, १७ हजार १०८ जना श्रमिक संयुक्त अरब इमिरेट्स (युएई) गएको तथ्यांक छ । युएईमा १४ हजार ९५ पुरुष र तीन हजार १३ जना महिला गएका छन् । त्यसैगरी कतारमा १० हजार ६६७, साउदीमा आठ हजार ६६४ र कुवेतमा तीन हजार २७९ जना गएको पाइएको छ ।

यस अवधिमा ४४ हजार ७० जना श्रमिक सीपयुक्त भएर विदेसिदा १८ हजार ४४० जना कुनै सीप नसिकी गएका छन् । त्यस्तै, ११ हजार ८६ जना अर्धदक्ष, ३४२ जना व्यावसायिक र ९१ जना उच्च दक्ष श्रमिक विदेसिएका छन् ।

■ ■ ■

## एमालेमा...

भण्डारीले २०८२ असार १४ गते मदन भण्डारीको जन्मजयन्तीको अवसर पारी आफू राजनीतिमा फर्किने घोषणा गरेकी थिइन् । भदौ २२ र २३ गते भएको जेन-जी विद्रोहपछि ओली सत्ताबाट सडकमा पुगेका थिए । गत पुसमा भएको ११औं महाधिवेशनबाट अध्यक्षमा 'कमब्याक' भए पनि फागुन २१ गते भएको प्रतिनिधिसभा सदस्य निर्वाचनमा एमालेले लज्जास्पद हार व्यहोर्‍यो ।

यसपछि एमाले अध्यक्ष ओली पक्राउ परे । पार्टीभित्रै ओलीमाथि घेराबन्दी बढेको अवस्थामा भण्डारीको सवालमा एमाले 'युटर्न' भएको हो । सदस्यता खुला हुनुअघि भण्डारी आइतबारमात्र मदननगर बल्खुमा मदन भण्डारी र जीवराज आश्रितको स्मृतिसभामा प्रमुख अतिथिको रूपमा पुगेकी थिइन् । योसँगै एमाले वृत्तमा तरंग फैलिएको थियो ।

ओलीको यो निर्णयलाई एमालेको इतरपक्षले 'नयाँ कार्ड'को रूपमा लिएको छ । 'यो ओलीको अर्को कार्ड हो । नयाँ तुरूपको रूपमा यसलाई लिइएको छ,' ईश्वर पोखरेलनिकट एक नेताले भने । ती नेताका अनुसार यो बीचमा उपाध्यक्ष विष्णु पौडेल र महासचिव शंकर पोखरेलले पटक-पटक ओलीलाई नेतृत्वबाट बिदा लिन आग्रह गरिसकेका छन् । तर ओलीले नमानेपछि बहुमत सदस्य पुर्‍याएर विशेष महाधिवेशन बोलाउने तयारी पौडेल र पोखरेलले गरेका थिए । यो थाहा पाएपछि ओलीले भण्डारीसँग एकता गरेको ती नेताको दाबी छ । 'आफूलाई हटाउन नेताहरू लागेको पाएपछि अध्यक्ष ओलीले यो कार्ड फालेका हुन्,' ती नेताले भने, 'यो भण्डारीको सुविधाका लागि भन्दा ओलीको संकट टार्न हो ।'

सरकारले पक्राउ गरेपछि अस्पताल भर्ना भएका ओली पित्तथैलीको शल्यक्रियापछि भक्तपुरको गुण्डुस्थित निवासमा स्वास्थ्यलाभ गरिरहेका थिए । उनलाई भेट्न भण्डारी वैशाख २७ गते त्यहाँ पुगेकी थिइन् । त्यतिबेला ओली र भण्डारीले झण्डै दुई घण्टाभन्दा लामो गोप्य छलफल गरेका थिए ।

गुटबन्दीले अहिलेको अवस्थामा कम्युनिस्ट पार्टीलाई फाइदा नगर्ने भन्दै ओलीले उनको सदस्यता खुलाएको बताइएको छ । यसअघि महाधिवेशनमै ओलीले भण्डारी देखाएर पौडेललाई अध्यक्षमा अघि बढाउनेसमेत चर्चा चलेको थियो ।

गुण्डुमा बसेको सचिवालय बैठकमा ओलीले राजनीतिक परिस्थितिका कारण भण्डारीलाई सदस्यता ११ महिना रोक्नुपर्ने बाध्यता आइपुगेको बताएका थिए । 'राजनीतिक परिस्थितिका कारणले हामीले त्यस्तो निर्णय गरेका थियौं, अब दिँदा केही फरक पर्दैन,' ओलीले बैठकमा प्रस्ताव राखेका थिए ।

भण्डारीले सक्रिय राजनीतिमा फर्कन सरकारी सुविधाहरूसमेत फिर्ता गरेकी थिइन् । उनले प्रक्रिया पूरा गरेकाले सदस्य दिँदा केही फरक नपर्ने तर्क अहिले ओलीले राखेका छन् । जबकि, गत वर्ष साउन पहिलो साता ओलीकै अडानमा पूर्वराष्ट्रपति भण्डारीको सदस्यता नवीकरण नगर्ने निर्णय एमालेले लिएको थियो ।

# अमृत झाको रिहाइको विषयमा परराष्ट्रले एक महिनापछि माग्यो माफी

**काठमाडौं (प्रस)–** इरानको कब्जामा रहेका नेपाली नागरिक अमृत झाको रिहाइको विषयमा गलत सूचना प्रवाह भएको भन्दै परराष्ट्र मन्त्रालयले माफी मागेको छ । परराष्ट्रमन्त्री शिशिर खनाल आफैंले झा रिहा भएको भनी झूटो सूचना प्रवाह गरेका थिए । तर केही दिनमै उनी रिहा नभएको तथ्य बाहिरिएको थियो । यद्यपि, न परराष्ट्रमन्त्री न त मन्त्रालयले गलत जानकारी प्रवाह भएको स्वीकार्‍यो । एक महिनाभन्दा बढी समय बितिसकेपछि बल्ल क्षमा मागेको हो ।

झा हाल इरानकै बन्दर अब्बासमा पुर्पक्षका लागि थुनामै रहेको जनाइएको छ । गत वैशाख २ गते राति १० बजे परराष्ट्र मन्त्रालयले विज्ञप्ति जारी गर्दै झा रिहा भएको भनेको थियो । तेहरानस्थित नेपाली अनररी कन्सुल जनरलमार्फत झाको रिहाइका लागि स्थानीय अदालतबाट आदेश भएको भन्ने खबर प्राप्त भएको जनाइएको थियो । त्यसलगतै परराष्ट्रमन्त्री खनालले पनि आफ्नो एक्स ह्याण्डलमार्फत अमृत रिहा भएको र उनलाई इरानबाट बाहिर निकाल्ने काम भइरहेको घोषणा गरेका थिए । रिहाइको खबरले खुसी भएको परिवारलाई केही दिनपछि झाले आफू बन्दर अब्बास जेलमै रहेको जानकारी गराएका थिए । सरकारले गलत जानकारी दिएपछि परिवारमा थप चिन्ता बढेको थियो ।

झाको रिहाइको खबर दिन हतारिएको मन्त्रालयले माफी माग्न भने यत्तिका समय लगाएको छ । परराष्ट्रले सोमबार जारी गरेको प्रेस विज्ञप्तिमा भनिएको छ, 'इरानको स्थानीय अदालतमा मुद्दा विचाराधीन रहेको र झा थुनामै रहेको अवस्थामा निज रिहा भएको भन्ने अनौपचारिक जानकारी सार्वजनिक हुन गएबाट सिर्जना भएको अन्योल र असुविधाप्रति मन्त्रालय क्षमाप्रार्थी चाहन्छ ।'

मन्त्रालयका अनुसार गत फेब्रुवरीमा अमेरिका-इजरायल र इरान सम्मीलित युद्ध सुरु हुनुअघि जनवरीको सुरुआतमै झा इरानको नियन्त्रणमा पुगेका थिए । उनीसँगै अन्य छ जना विदेशीलाई पनि क्युसिएम आइल्याण्डबाट इरानले नियन्त्रणमा लिएको थियो । युद्धरत मुलुकको नियन्त्रणमा रहेका झाको सुरक्षाको विषय सर्वत्र चासो र चिन्ता बढेको अवस्थामा मन्त्रालयले भने प्राप्त सूचनाको आधिकारिकता पुष्टि नै नगरी सार्वजनिक गरेको थियो ।


## मोटरसाइकल हराएको सूचना

मिति २०८३।०१।२१ गते तारकेश्वर-८, जरङ्खु कौसल स्कुल नजिक विहानको २-३ बजेको समयमा बजाज कम्पनीको कालो, रातो रङ्ग भएका पल्सर १५० सि.सि.को मोटरसाइकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनीको नाम :** हुलास फिन सर्भ हायर पर्चेज
**ऋणी :** दिनेश कार्की
**बाइक नं. :** बा.प्र. ०२- ०५९ प ६९५७
**च्यासिस नं.:** MD2A11CXXSPC73406
**इन्जिन नं. :** DHXPSC 88901
**ठेगाना :** सिन्धुली, दुधौली न.पा.६
**सम्पर्क नं. :** ९८१८०३५२७०



## कुवेतमा रोजगार

कम्पनी : KUWAIT DAIRY COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०६/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/०४ | LT. No. 331893 | चलानी नं. ६०२४५६८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Auto Mechanic | 2 | 0 | 175 | ८७,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Diesel Mechanic | 2 | 0 | 175 | ८७,५०० | | | | | | | |
| 3 | Heavy Driver | 4 | 0 | 150 | ७५,००० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १२ गते (26th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु.२५९६/- कामदारले तिर्ने | १०,०००/- | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

1559/079/80
FEWA OVERSEAS PVT. LTD
Kageshwori, Manohara-9, Airport Nagar, Gothatar, Kathmandu, Nepal, Tel: 01-5914530,
Roshan Raj Mishra 9808655324, Email : fewaoverseas11@gmail.com, Web: www.fewaoverseas.com.np



## युएइमा रोजगार

कम्पनी : LABOUR BASE CONSTRCUTIONS

पूर्व स्वीकृति मिति : २०८३/०२/०४ | LT. No. 342238 | चलानी नं. ६०२५५५५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 5 | 0 | 1000 | ४१,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Tiles & Marble Fiser | 7 | 0 | 1500 | ६२,८०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १२ र १३ गते (26 and 27 May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

ALI OVERSEAS PVT. LTD.
Samakhusi-3, Ranibari, Kathmandu, Nepal Phone : +977-1-4960155, 4960188
E-mail : recruitment.alioverseas@gmail.com, info@alioverseas.com.np, Website : www.alioverseas.com.np
Govt. License 722/064/065



## साउदीमा रोजगार

कम्पनी : INTERNATIONAL QUICKSAND FOUNDATION

पूर्व स्वीकृति मिति : २०८३/०२/०४ | LT. No. 342209 | चलानी नं. ६०२५५५५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading | 1 | 0 | 1000 | ४०,९०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १२ गते (26th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

Elite Gurkhas Overseas Pvt. Ltd.
Gongabu Townplanning-26 Kathmandu, Nepal, Tel.: +977-1-4975567, 4975568,
E-mail: proelitegurkhas@gmail.com, Web: www.elitegurkhasoverseas.com
श्रम इजाजत नं.५३५/०६१/०६२



## मलेसियामा रोजगार

कम्पनी : SHUANGFEI WIRE HARNESS SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०२/०४ | LT. No. 341874 | चलानी नं. ६०२५५५८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 100 | 0 | 1700 | ६५,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १२ गते (26th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

Pashupati HR Solution Pvt. Ltd.
Pingalasthan, Gaushala, Kathmandu, Nepal, Tel No. 014588454,
E-mail : pashupatihr17@gmail.com, www.pashupatihr.com.np
श्रम इजाजत नं. १४००/०७४/०७५



## साउदीमा रोजगार

कम्पनी : AL MAWARID RECRUITMENT COMPANY.

पूर्व स्वीकृति मिति : २०८२/०७/१३ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/०४ | LT. No. 332912 | चलानी नं.६०२४६५२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 9 | 0 | 1000 | ४०,९०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १२ गते (26th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

All Asia Overseas Pvt.Ltd
Ratopul, Gaushala-7, Kathmandu, Nepal, Swostika Pariyar : 9706125170
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम ईजाजत नं. १३०५/०७४/०७५



## मलेसियामा रोजगार

कम्पनी : SYARIKAT KAWALAN SERI PADANG SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०२/१६ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/०४ | LT. No. 324552 | चलानी नं. ६०२३८७३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security | 22 | 0 | 1700 | ६५,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १२ गते (26th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

1610/079/80
CHANDANI RECRUITMENT SERVICE CENTER PVT LTD
Bansidhara Marga, Chandol-4,Kathmandu,Nepal, Tel: +977-5914697, 5914698, Manohari Adhikari 9851327379
Email : chandanirecruitment@gmail.com, Web: chandanirecruitment.com.np



## ओमनमा रोजगार

कम्पनी : MASHARIE ALAM ALYAQIN TRADING

पूर्व स्वीकृति मिति : २०८२/१०/२७ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/०४ | LT. No. 338752 | चलानी नं. ६०२५२२१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician/ Manicure Pedicure | 0 | 1 | 170 | ६७,९८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १२ गते (26th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

Emerald Isle Nepal Pvt. Ltd. (GULMI OVERSEAS PVT LTD)
Purano Baneshwor-10, Kathmandu, Nepal. Tel- +977-014588542/4589323, Udip Bahadur Khadka: 9801248108
Navin Raghubanshi : 9801248107, Email:- emeraldislenepal@gmail.com, info@einepal.com
श्रम ईजाजत नं. ११०८/०७३/०७४


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


## Vacancy Announcement

**First Published Date: 18 May 2026**

Ziyan Foods Pvt. Ltd. is registered at the Office of the Company Registrar on 13 Shrawan 2082 B.S. The company is engaged in establishing a modern, well-equipped industry incorporating advanced machinery and technology to construct slaughterhouses for processing the meat of various animals (Buffalo, Chicken, Goat, Hen, Boars any many more). The Company also focuses to establish fully equipped cold storage facilities for the safe storage of processed meat. Furthermore, distribute meat products within the country as well as export them abroad. We urgently require competent and experienced candidates for the following positions. Nepalese candidates are highly encouraged to apply and will be given priority during the selection process.
Interested candidates are requested to submit their biodata/CV within **7 days** from the date of publication of this notice at the address mentioned below. Only shortlisted candidates will be contacted for a virtual interview.

| S.N. | Position | Qty | Qualification and Experience |
|---|---|---|---|
| 1 | Finance Officer | 1 | Bachelor Degree in Management with 1 Year work experience or Fresher |
| 2 | Assistant of Accountant | 1 | Associate Degree or Diploma Degree with 1 Year work experience or Fresher |

Candidates must be fluent in reading, writing, and speaking the Chinese language due to Chinese investment involvement.

- **Contract Period:** 1 Year
- **Workplace:** Marin Rural Municipality – Ward No. 4, Sindhuli
- **Salary:** As per mutual understanding
- **Required Documents:** Previous work-related documents/certificates

**Ziyan Foods Pvt. Ltd.**
**Chakupath-10, Lalitpur, Nepal**
**Contact no. : 9713922827, email: songanning@ziyanfoods.com**



## Vacancy Announcement

**First Published Date: 19 May 2026**

Sichuan Jialixihe Construction Engineering Co. Ltd. is registered at the Office of the Sub Metropolitan Lalitpur on 26 Falgun 2082 B.S. The company is engaged in establishing a modern, well-equipped industry incorporating advanced machinery and technology to construct slaughterhouses for processing the meat of various animals (Buffalo, Chicken, Goat, Hen, Boars any many more). The Company also focuses to establish fully equipped cold storage facilities for the safe storage of processed meat. Furthermore, distribute meat products within the country as well as export them abroad. We urgently require competent and experienced candidates for the following positions. Nepalese candidates are highly encouraged to apply and will be given priority during the selection process.
Interested candidates are requested to submit their biodata/CV within **7 days** from the date of publication of this notice at the address mentioned below. Only shortlisted candidates will be contacted for a virtual interview.

| S.N. | Position | Qty | Qualification and Experience |
|---|---|---|---|
| 1 | Safety Administrator | 1 | Associate Degree or Diploma Degree with 3-5 Years work experience in relevant field |
| 2 | Office Automation & System Integration Administrator | 1 | Associate Degree or Diploma Degree with 3-5 Years work experience in relevant field |

Candidates must be fluent in reading, writing, and speaking the Chinese language due to Chinese investment involvement.

- **Contract Period:** 1 Year
- **Workplace:** Marin Rural Municipality – Ward No. 4, Sindhuli
- **Salary:** As per mutual understanding
- **Required Documents:** Previous work-related documents/certificates

**Sichuan Jialixihe Construction Engineering Co. Ltd.**
**Jwalgal, Ward no. 10, Lalitpur, Nepal**
**Contact no. : 9172027400, email: 779069403@qq.com**

प्रतिनिधिसभा बैठक

# सुकुमबासी समस्याको दीर्घकालीन समाधान खोज्न माग



**काठमाडौं (प्रस)–** सांसदहरूले आगामी आर्थिक वर्षको बजेटमार्फत सुकुमबासी समस्याको दीर्घकालीन समाधान खोज्नुपर्नेमा जोड दिएका छन् । प्रतिनिधिसभाको सोमबारको बैठकमा सांसदहरूले विसं २०४८ पछि १८ वटा सुकुमबासीका समस्या समाधान गर्न आयोग गठन गरे पनि समाधान हुन नसकेकोप्रति सरकारको ध्यानाकर्षण गराए ।

बैठकमा आर्थिक वर्ष २०८३/८४ को विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्तावबाहेक) छलफलमा भाग लिँदै सांसदहरूले आगामी आर्थिक वर्षको बजेटमार्फत सुकुमबासीका समस्या समाधान गर्नेगरी प्राथमिकता दिएर अघि बढ्नुपर्नेमा जोड दिए । छलफलमा सहभागी सांसदहरूले भूमि आयोग कार्यकर्ता भर्ती गर्ने केन्द्र बन्न नहुने बताए । उनीहरूले हालसम्म सुकुमबासीका समस्या समाधान गर्न आयोग गठन गर्दा नौ अर्ब रूपैयाँ खर्च भइसके पनि समस्या समाधान हुन नसकेकाले बजेटमार्फत समाधान खोज्न सरकारसँग आग्रह गरे ।

सांसद यज्ञमणि न्यौपानेले सुकुमबासी समस्या समाधान गर्न १८ वटा आयोग गठन भएका जनाउँदै त्यसले नौ अर्ब रूपैयाँ खर्च गरेको महालेखापरीक्षकको प्रतिवेदनमा उल्लेख गरिएको बताए । यति गर्दा पनि समस्या अझै नसकिएको उनले उल्लेख गरे ।

सर्वोच्च अदालत र न्यायालयलाई छुट्टै बजेट दिनुपर्ने भन्दै सांसद न्यौपानेले सर्वोच्च अदालतले बजेटका लागि सरकारतर्फ फर्कंदा न्यायपालिका स्वतन्त्र बन्न नसकेको धारणा राखे । न्यायाधीशको सम्पत्ति सार्वजनिक भएमात्र न्याय स्वच्छ र स्वतन्त्र हुने उनको भनाइ छ । सांसद सन्तोष सुब्बाले सीमा विवाद, सीमा पूर्वाधारलगायत विषयमा सरकार स्पष्ट हुनुपर्नेमा जोड दिए । उनले सीमामा १०० रूपैयाँको सामानमा पनि कर लगाइँदा आमनागरिकलाई सास्ती भइरहेको बताए । डायस्पोरा साझेदारी कार्यक्रम सकारात्मक रहेको उनले बताए ।

सांसद दीपककुमार साहले सुरु भएको १६ वर्ष बित्दा हुलाकी राजमार्ग ७४ प्रतिशतमात्र बनेकाले यसलाई पूरा हुनेगरी प्राथमिकतामा राख्न माग गरे । सांसद सीता थपलियाले विदेशमै भविष्य छ भनी जानेहरू बढेकाले त्यसलाई रोक्ने गरी विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामा कार्यक्रम नआएको बताइन् । शब्दमा भएको मिठासलाई व्यवहारमा उतारिनुपर्नेमा उनले जोड दिइन् ।

सांसद रमेश प्रसाईंले गत भदौ २३ र २४ गतेको आन्दोलनको दोष प्रमुख जिल्ला अधिकारीलाई मात्र दिनुभन्दा सत्य, तथ्यको गहिराइसम्म अध्ययन गर्नुपर्नेमा जोड दिए । वर्तमान सरकारका पालामा सुकुमबासीले लालपुर्जा पाउने विश्वास व्यक्त गर्दै उनले निम्न र निम्नमध्यमवर्गलाई उपचार कोषको व्यवस्था गर्न सरकारसँग माग गरे ।

सांसद निस्कल राईले अघिल्लो वर्षको तुलनामा चिया निर्यात घटेको बताए । उनले सोही कारणले राजस्व घट्ने भएकाले युवालाई उद्यमशीलताको साझेदारका रूपमा राखेर बजेट व्यवस्था गरिनुपर्ने माग गरे । सांसद प्रदीप विष्टले कीर्तिपुरमा जातीय संग्रहालयका लागि २०० रोपनी जग्गा भएकाले बजेट व्यवस्थापन गरी निर्माण गर्ने विषयलाई प्राथमिकतामा राख्न माग गरे ।

# ब्लोनको नेतृत्वमा चुनियो घेदुङको नयाँ कार्यसमिति



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल तामाङ घेदुङको अध्यक्षमा रामकृष्ण ब्लोन निर्वाचित भएका छन् । यही जेठ १ देखि ३ गतेसम्म स्वयम्भूमा आयोजित १० औं संघीय महाधिवेशनबाट ब्लोनको नेतृत्वमा नयाँ कार्यसमिति निर्वाचित भएको हो ।

अध्यक्षका लागि पाँचजनाबीच भएको प्रतिस्पर्धामा ब्लोनले सर्वाधिक ३०६ मत प्राप्त गरे । उनका प्रतिस्पर्धी कुमारसिंह घिसिङले ९८ मत, अमिर लामा मोक्तानले ३२ मत, मानबहादुर तामाङले २७ मत र मित्रसेन योञ्जनले ५९ मत प्राप्त गरे ।

सहअध्यक्ष पदमा सरोजमोहन लामा निर्विरोध निर्वाचित भए । वरिष्ठ उपाध्यक्ष पदमा हरिजाङ तामाङलाई पराजित गर्दै सञ्चु ब्लोन तामाङ निर्वाचित भइन् । सञ्चुले ३६० मत पाउँदा उनका प्रतिस्पर्धी हरिजाङले १३२ मत पाए ।

पाँच खुला उपाध्यक्ष पदका लागि १२ जना उम्मेदवारबीच प्रतिस्पर्धा भएको थियो । जसमध्ये काजीमान थिङ, रूपबहादुर योञ्जन, दिनेशकुमार लो, प्रेम लो तामाङ र पासाङदोर्जे लामा निर्वाचित भएका छन् । महिला उपाध्यक्ष पदमा दिना लामा र बिना मम्बा तामाङ निर्वाचित भए । महासचिव पदमा लिलाकुमार घलान, उपमहासचिव खुलातर्फ निर्मलबहादुर तामाङ र बिलाम मुक्तान तथा उपमहासचिव (महिला) मा श्रमिक लामा निर्विरोध निर्वाचित भए ।

सचिव पदमा सुनिल मोक्तान, सुन्दर थोकर तामाङ र हिरालाल तामाङ, सचिव महिलातर्फ उषा वाइबा र संगीता पाखिन निर्वाचित भएका छन् ।

कोषाध्यक्ष पदमा तिर्थमान बल तथा सहकोषाध्यक्ष पदमा सीता चोदेन तामाङ निर्विरोध निर्वाचित भए । संघीय समितिमा विभिन्न प्रदेश र प्रवासस्थित संस्थाबाट सदस्य निर्वाचित गरिएको घेदुङले जानकारी दिएको छ । केही सदस्यहरू भने पछि कार्यसमितिले मनोनीत गर्ने व्यवस्था रहेको जनाइएको छ ।

तामाङ समुदायको साझा राष्ट्रिय संस्थाको रूपमा यो संस्था २०१३ सालमा स्थापना भएको हो । निवर्तमान अध्यक्ष मोहन गोलेले दुई कार्यकाल घेदुङको नेतृत्व गरे । नवनिर्वाचित अध्यक्ष ब्लोनले घेदुङको मर्म र भावनाअनुसार कार्यसम्पादन गर्ने र तामाङहरूबीच एकता कायम गरेर अघि बढ्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०२/०५ गते**

यस कम्पनीको मिति २०८३/०१/१८ को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **नेशनल बाथरोग एण्ड स्किन केयर सेन्टर प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०१/२८ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **दाङ बाथरोग एण्ड स्किन केयर सेन्टर प्रा.लि. (प्रा.लि.नं. ३८७३२४)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८३/०२/०६ गते**

यस कम्पनीको मिति २०८३/०१/१८ को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **नेशनल बाथरोग एण्ड स्किन केयर सेन्टर प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०१/२८ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **दाङ बाथरोग एण्ड स्किन केयर सेन्टर प्रा.लि. (प्रा.लि.नं. ३८७३२४)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## कतारमा रोजगार

कम्पनी : GREEN EVEREST TRADING AND DECORATION

पूर्व स्वीकृति मिति : २०८३/०१/३१ | LT. No. 342172 | चलानी नं. ६०२५५४७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 0 | 3 | 2500 | १,०५,६५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 9 | 0 | 2000 | १,०५,६५५ | | | | | | | |
| 3. | Dry Clean Worker | 1 | 0 | 1200 | ५०,७१५ | | | | | | | |
| 4. | Foreman | 11 | 0 | 2500 | १,०५,६५५ | | | | | | | |
| 5. | Labourer (FEMALE) | 0 | 3 | 1100 | ४६,४८८ | | | | | | | |
| 6. | Office Cleaner | 0 | 4 | 1200 | ५०,७१५ | | | | | | | |
| 7. | Representative | 4 | 0 | 2500 | १,०५,६५५ | | | | | | | |
| 8. | Supervisor | 11 | 0 | 2500 | १,०५,६५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ ९ गते (23rd May 2026) मा हुनेछ ।

नोट : लट नं. ३४२१७२ को विज्ञापन मिति २०८३ जेठ २ गते प्रकाशन हुनुपर्नेमा प्राविधिक कारण छुट्न गई आज मिति २०८३ जेठ ५ गते प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १३०२/०७४/०७५

Lucky Human Resource Pvt.Ltd.

Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np

## साउदीमा रोजगार

कम्पनी : CORE INSPIRE COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०१/३१ | LT. No. 342144 | चलानी नं. ६०२५५५६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 1 | 0 | 1000 | ४०,९०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : THE IDEAL SOLUTION LOGISTICS COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०२/०४ | LT. No. 342215 | चलानी नं. ६०२५५५६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 1 | 0 | 1000 | ४०,९०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Load & Unloading Workers | 4 | 0 | 1000 | ४०,९०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८३ जेठ १२ गते (26th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

FAST EMPLOYMENT SERVICE (P) LTD

Kunpondole, In front of Hotel Himalaya, Lalitpur, Tel. No: +977-5180421/ 5180431, 9808155760 Sunita shrestha
9860868244 Madan Bhattarai, E-mail : fastemployment1399@gmail.com, Web: www.fastemployment.com.np

Govt. License 1399/074/75

## युएइमा रोजगार

कम्पनी : BELRESHEED BUILDING CONTRACTING

पूर्व स्वीकृति मिति : २०८२/०१/०८ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/०४ | LT. No. 322222 | चलानी नं. ६०२३६४०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब UAE | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Mason, Bricks | 8 | 0 | 1000 | ४१,८६९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Assistant Painter | 4 | 0 | 1000 | ४१,८६९ | | | | | | | |
| 3. | Assistant Plumber | 2 | 0 | 1000 | ४१,८६९ | | | | | | | |
| 4. | Assistant Upholstered | 5 | 0 | 1000 | ४१,८६९ | | | | | | | |
| 5. | Brick Mason | 2 | 0 | 1200 | ५०,२४३ | | | | | | | |
| 6. | Building Painters | 1 | 0 | 1200 | ५०,२४३ | | | | | | | |
| 7. | Carpenter | 4 | 0 | 1200 | ५०,२४३ | | | | | | | |
| 8. | Cleaner / Public Building | 10 | 0 | 800 | ३३,४९६ | | | | | | | |
| 9. | Cleaners Male | 12 | 0 | 800 | ३३,४९६ | | | | | | | |
| 10. | Construction Labour(Builder) | 6 | 0 | 1200 | ५०,२४३ | | | | | | | |
| 11. | Electricians: Skilled | 5 | 0 | 1200 | ५०,२४३ | | | | | | | |
| 12. | Labour (Building Projects) | 1 | 0 | 800 | ३३,४९६ | | | | | | | |
| 13. | Ordinary Labours | 2 | 0 | 800 | ३३,४९६ | | | | | | | |
| 14. | Painter | 5 | 0 | 1200 | ५०,२४३ | | | | | | | |
| 15. | Steel Fixer | 3 | 0 | 1200 | ५०,२४३ | | | | | | | |
| 16. | Tile Layer | 11 | 0 | 1200 | ५०,२४३ | | | | | | | |
| 17. | Worker Blacksmith | 1 | 0 | 1200 | ५०,२४३ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १२ गते (26th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १०९३/०७३/०७४

Al Haya Recruitment Pvt. Ltd.

Dumbarahi, Kathmandu, Nepal Phone No. +977-1-4008610, 4508610, Bibek Gadtoula - 9851354055, E-mail : alhaya.recruitment@gmail.com

## साउदीमा रोजगार

कम्पनी : SHAYA MOHAMMED MOHSEN ALYAMI CO | For Contact : 9804666334

पूर्व स्वीकृति मिति : २०८२/१०/११ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०२/०४ | LT. No. 337685 | चलानी नं. ६०२५११७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labor | 4 | 0 | 1000 | ४०,९०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SHAYA MOHAMMED MOHSEN ALYAMI CO

पूर्व स्वीकृति मिति : २०८२/१०/०७ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०२/०४ | LT. No. 337303 | चलानी नं. ६०२५०९०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labor | 4 | 0 | 1000 | ४०,९०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SHAYA MOHAMMED MOHSEN ALYAMI CO

पूर्व स्वीकृति मिति : २०८२/१०/११ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०२/०४ | LT. No. 337687 | चलानी नं. ६०२५११८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labor | 4 | 0 | 1000 | ४०,९०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SHAYA MOHAMMED MOHSEN ALYAMI CO

पूर्व स्वीकृति मिति : २०८२/१०/११ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०२/०४ | LT. No. 337301 | चलानी नं. ६०२५०९०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labor | 4 | 0 | 1000 | ४०,९०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SHAYA MOHAMMED MOHSEN ALYAMI

पूर्व स्वीकृति मिति : २०८२/१०/११ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०२/०४ | LT. No. 337682 | चलानी नं. ६०२५११७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labor | 4 | 0 | 1000 | ४०,९०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SHAYA MOHAMMED MOHSEN ALYAMI

पूर्व स्वीकृति मिति : २०८२/१०/११ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०२/०४ | LT. No. 337684 | चलानी नं. ६०२५११७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labor | 4 | 0 | 1000 | ४०,९०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SHAYA MOHAMMED MOHSEN ALYAMI

पूर्व स्वीकृति मिति : २०८२/१०/११ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०२/०४ | LT. No. 337686 | चलानी नं. ६०२५११८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labor | 4 | 0 | 1000 | ४०,९०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १२ गते (26th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET

Target Consultant Human Resources Pvt. Ltd.

Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

श्रम इजाजत नं. ८३३/०६६/०६७

## कुवेतमा रोजगार

कम्पनी : BAIT COLBEH RESTAURANT COMPANY | शहर : Kuwait

पूर्व स्वीकृत मिति: २०८३/०२/०४ | चलानी नं.: ६०२५५५६६ | LT.No.: 342234

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | ASSISTANT CHEF (ASST. COOK) | 15 | 0 | स. काममा दक्ष | 130 | ६५,०३१ | क.नि. | ८ घण्टा | ६ | क.नि. | छैन | छ | २ |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ जेठ १२ गते (26 May, 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निः शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइ को जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्न होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.

Gov. Lic No. 1746 /081/82

Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308
Mob.: 9813768590, 9802390077 | Email: mahainfo59@gmail.com

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

सूचना प्रकाशित मिति: २०८३ जेठ ०५

**श्री जगत प्रसाद खरेलको** नाति **श्री गणेश प्रसाद खरेलको** छोरा **बागमती प्रदेश, काभ्रेपलाञ्चोक** जिल्ला **पाँचखाल न.पा.** वडा नं. **११** बस्ने **श्री राम बहादुर क्षेत्री भन्ने वेद प्रसाद खरेलले** यस शाखामा पेन्सन खाता नं. **१९६१५२४०३००६१० र मुद्दती खाता २३७३५२४१२००४०५** संचालन गर्दै आउनु भएकोमा मिति **२०८२/०७/२५** मा निज खातावाला **श्री राम बहादुर क्षेत्री भन्ने वेद प्रसाद खरेलको** निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको **श्रीमती** नाता पर्ने **श्रीमती धनलक्ष्मी खरेल भन्ने सानु खरेल**ले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । **बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११** बमोजिम निज मृतक **श्री राम बहादुर क्षेत्री भन्ने वेद प्रसाद खरेलको** नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दाबीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको ठमेल शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

**नेपाल एसबिआई बैंक लिमिटेड**
ठमेल शाखा, कार्यालय
फोन नम्बर: ०१४५१८५८२
फ्याक्स:- ०१४५१८४५३

डि.स.का. द.नं. २१५८/०६५/६६

## हसना भास्तिपुर बचत तथा ऋण सहकारी संस्था लि.

च.न.पा.-१२, बलम्बु(भास्तिपुर), काठमाडौं

लि.सू.नं. ०५/०८२/८३

### अचल सम्पति लिलाम सम्बन्धि १५ दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मिति: २०८३/०२/०५ (दोस्रो पटक)

तपशिलमा उल्लेखित ऋणी सदस्यले सदस्य सेवा केन्द्र हाइवे बलम्बु शाखाबाट उपभोग गर्नुभएको ऋणकर्जा साँवा, व्याज र हर्जाना रकम तिर्न बुझाउनु पर्नेमा नबुझाई संस्थासँग भए गरेको कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा साथै मिति २०८२ साल फाल्गुण २० गते राष्ट्रिय दैनिक पत्रिका प्रभाव दैनिकमा कर्जा चुक्ता गर्ने बारे ३५ (पैंतिस) दिने सार्वजनिक सूचना र पहिलो पटक मिति २०८२ साल चैत्र २८ गते राष्ट्रिय दैनिक पत्रिका प्रभाव दैनिकमा ३५ (पैंतिस) दिने अचल सम्पति लिलाम सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको साँवा, व्याज, हर्जाना तथा अन्य दै-दस्तुर रकम समेत चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले संस्थालाई ऋण सुरक्षण बापत लेखाई दिएको तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती जे-जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा संस्थाको नियम तथा प्रचलित ऐन, कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रि गरी संस्थाको लेना रकम असुल उपर गर्ने उदेश्यले पुन : दोस्रो पटक यो १५ (पन्ध्र) दिने लिलाम बिक्रि सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अत: उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पति लिलाम बिक्रिमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघ/संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरुले यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र आफुले कबोल गरेको रकम सहितको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन अनुरोध गर्दछौं । लिलाम बिक्रिमा सो सुरक्षण धितो सम्पती कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा प्रचलित कानून बमोजिम धितो सुरक्षण सम्पती यस संस्था आफैले सकार गरी लिने व्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराईन्छ । धितो लेखि दिएको सम्पति लिलाम बिक्रि गर्दा संस्था आफैले सकार गर्दा साविकमा संस्थाबाट भएको मुल्याङकन भन्दा कम मुल्यमा बिक्रि भयो वा मेरो/हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्रि भयो वा संस्था आफैले सकार गरी लियो भनी कही कतै उजुर वाजुर गर्न पाउने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रिबाट पनि यस संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पतिबाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन बमोजिम कर्जा सूचना केन्द्र लि. को कालो सूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्धारा सुचित गराईन्छ ।


शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८३ साल जेठ १९ गते
शिलबन्दी खोल्ने मिति र समय : २०८३ साल जेठ २० गते दिनको १:०० बजे (सो दिन बिदा परेमा त्यस पछिको कार्यालय खुलेको दिन)
शिलबन्दी खोल्ने स्थान : संस्थाको सदस्य सेवा केन्द, चन्द्रागिरि न.पा. वडा नं. १२, हाईवे, बलम्बु, काठमाडौं

**तपशिल:**

**ऋणीको तीन पुस्ते विवरण र फोटो**

स.नं. : ००१४७

नाम : गोमा विष्ट
सा. ठेगाना : मातातिर्थ-१, काठमाडौं
हा. ठेगाना : चन्द्रागिरि-८, काठमाडौं
ना.प्र.नं. : ३०/९१०४४
बाजेको नाम : जित बहादुर विष्ट
बुबाको नाम : भरत विष्ट
पतिको नाम : विक्रम ध्वज थापा



**धितो सुरक्षण राखिएको सम्पति र सुरक्षणधनीको विवरण :**

श्री जित बहादुर विष्टको नातिनी श्री भरत विष्टको छोरी र श्री विक्रम ध्वज थापाको श्रीमति काठमाडौं जिल्ला चन्द्रागिरी न.पा. वडा नं. ८ स्थायी ठेगाना भएको श्री गोमा विष्टको नाममा मालपोत कार्यालय कलंकी, काठमाडौंमा दर्ता कायम रहेको काठमाडौं जिल्ला मातातिर्थ गा.वि.स. वडा नं. १ को किता नं. ३५८ को क्षेत्रफल ०-९-०-० (२८६.११ व.मि) को जग्गा र सो जग्गमा बनेको घर समेत ।

**बोलपत्र दाताको लागि शर्तहरु :**

१. बोलपत्र फारम संस्थाबाट रु. १०००/- (एक हजार मात्र फिर्ता नहुने गरि) बुझाई प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्र दाताले आफुले कबोल गर्ने दररेट र कुल मूल्यलाई अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । यदि उल्लेखित अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईने छ ।
३. आफुले कबोल गरेको कुल रकमको न्यूनतम १० प्रतिशतले हुने रकम माछापुच्छ्रे बैंक लि. सतुंगल शाखामा रहेको यस संस्थाको खाता नं. १६०००९१९७०४०००१२ मा धरौटी रकम जम्मा गरि सक्कल बैंक भौचर बोलपत्रका साथ शिलबन्दी गरि पेश गर्नुपर्ने छ ।
४. बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा पर्न गएमा सो पछि लगतै कार्यालय खुलेको दिन बोलपत्र खोलिने छ । संस्थामा प्राप्त भएका शिलबन्दी बोलपत्रहरु खोलिने दिनमा बोलपत्रदाता र निजको प्रतिनिधीहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।
५. बोलपत्र स्वीकृत भएको जानकारी पाएको ७ दिनभित्र धरौटी बाहेकको बाँकी रकम यस सहकारीमा जम्मा गर्नुपर्नेछ र उक्त अवधि भित्र रकम जम्मा नगरेमा धरौटी बापट राखेको रकम सहकारीले जफट गर्न सक्ने छ ।
६. तोकिएको म्याद भित्र प्राप्त नभएका र रीत नपुगेका बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।
७. स्वीकृत बोलपत्र दाताले नामसारी, दाखिला खारेज आदि गर्दा लाग्ने दस्तुर साथै घरजग्गा कर, मालपोत, घरबाटो साथै अन्य खर्चहरु आदि बोलपत्र दाता स्वयम्ले व्यहोर्नु पर्नेछ ।
८. बोलपत्र सम्बन्धी सम्पूर्ण निर्णय गर्ने अधिकार संस्थामा निहित रहने छ ।
९. लिलाम गर्ने भनिएको उक्त सम्पति कसैले सकार नगरेमा प्रचलित ऐन, कानूनले दिएको अधिकार प्रयोग गरि यस सहकारी संस्था आफैले सकार गरी सो को स्वमित्व लिन वा पुनः लिलाम प्रक्रियामा जान सक्नेछ ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# माननीयहरूले संसद्मा बोक्न नसकेको गरिमा

**प्रतिनिधिसभामा निर्वाचित सदस्यहरूलाई माननीयको उपाधि दिएको हुन्छ। यसको अर्थ हो, सभ्य तरिकाले प्रस्तुत हुने र जनताको आइडलको रूपमा उभिने। जसकारण संसद्मा अमर्यादित भाषा र अमर्यादित व्यवहारको परिभाषासमेत गरिएको छ। संसद्मा हामीले बेलाबेला सांसदले बोलेका भाषाहरू सभामुखले रेकर्डबाटै हटाउने गरेको देखेका छौं। अमर्यादित भाषा बोलेपछि उक्त शब्द रेकर्डबाट हटाउनु माननीयलाई एक प्रकारको दण्ड दिनु पनि हो। फागुन २१ मा निर्वाचित भएर संसद्मा आइपुगेका सांसदहरूको तातोतातो प्रस्तुति देख्दा उच्छृंखल र असभ्य देखिँदै आएको छ। अहिले यस किसिमका गाल पार्ने काम सबैभन्दा ठूलो दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसदहरूबाट हुँदै आएको छ।**

**सोमबारको बैठकमा रास्वपाका सांसदद्वय यज्ञमणि न्यौपाने र समीक्षा बास्कोटाले सर्वोच्च अदालतकी कायममुकायमम प्रधानन्यायाधीश सपना प्रधान मल्लको आदेशमाथि टिप्पणी गरे। सामान्यतः अदालतमा हुने गरेका सामान्य विषयमा संसद्मा प्रश्न उठाउने चलन छैन। तर, अहिले रास्वपाले मल्लमाथि सामाजिक सञ्जालदेखि संसद्सम्मै प्रहार गर्न थालेको छ। सर्वोच्चबाट जसरी पनि मल्ललाई हटाउने रास्वपाको चाहनालाई बल पुग्नेगरी माननीयहरूले संसद्मा स्वतन्त्र न्यायालयमाथि हस्तक्षेप हुनेगरी बोले।**

**संसद्मा सभामुख बोल्दा हिँड्न नमिल्ने, राष्ट्रपतिले सम्बोधन गर्दा बाहिर निस्कन नमिल्ने मर्यादाहरू हुन्छन्। जुन विषयमा संसद् सचिवालयले पनि प्रशिक्षण दिइसकेको होला। तर प्रधानमन्त्री बनेका वालेन्द्र शाहले यो तोडिसकेका छन्। संसद्मा हुँदाको पोसाक कस्तो हुने, कपाल कस्तो हुने जस्ता विषयमा पनि न्यूनतम मापदण्ड तोकिएको हुन्छ। अघिल्लो संसद्मा रास्वपाबाट माननीय भएकाहरूमाथि पोसाककै विषयमा आलोचना हुने गर्थ्यो।**

**यसपटक रास्वपाका सांसद उज्ज्वलकुमार झा हेयर स्टायलका कारण चर्चामा आएका छन्। उनको हेयर स्टायल सांसद् पदको गरिमासँग मेल नखाने खालको भएको टिप्पणी सुरु भएको छ। यो कतिको अशोभनीय हो वा शोभनीय संसद्को नेता सभामुखले निर्क्योल गर्ने बेला आइसकेको छ। यता रास्वपाका कतिपय सांसदले नियमापत्ति गर्दासमेत नियम थाहा नभएको घटना पटक-पटक दोहोऱ्याएका छन्।**

**यस्तो हेर्दा कुनै बेला माओवादी सांसदहरूले संसद्मा गरेको हुलदंगाको माथ खानेगरी रास्वपा सांसद अघि बढेको देखिन्छ। यता रास्वपालाई माथ खुवाउनेगरी श्रम संस्कृति पार्टीका सांसदहरू संसद्मै पोस्टर बोकेर प्रदर्शनमा उत्रेका छन्। यी प्रकरणहरू हेर्दा माननीयहरूलाई मान नै भारी भएको हो कि जस्तो देखिन्छ। त्यसैले अरूबाट मान पाउन आफ्नो मान पनि बुझौं माननीयहरू ! नभए अरूले पनि मान्न छाड्छन् मर्यादा र सम्मानका विषय।**

## श्रम सरोकार

### विदेशमा कमाएको रकम स्वदेशमा आयमूलक व्यवसायमा प्रयोग गर्ने उपायहरु

- वैदेशिक रोजगारीवाट प्राप्त रकम घर पठाउँदा सो रकम कुन-कुन कार्यमा के कति खर्च गर्ने र बचत भएको रकम केमा प्रयोग गर्ने भन्ने विषयमा पहिले नै घर सल्लाह गर्नु उपयुक्त हुन्छ। आफूले खर्च गर्ने, घर खर्च गर्ने, ऋण तिर्ने र स्वदेश फर्केपछि गर्ने व्यवसायका लागि रकम जम्मा गर्ने आदिको योजना बनाएर काम गर्दा बढी प्रभावकारी हुन्छ।
- वैदेशिक रोजगारीका क्रममा आफूले गर्ने गरेको कार्यमा प्रयोग हुने सीप र प्रविधिको स्वदेश फर्किएपछिसमेत प्रयोग गर्न सकिने विषयमा विशेष चनाखो भएर कार्य गर्नुपर्दछ। आफूले जानेको सीप र प्रविधिकै प्रयोग हुनेखालको व्यवसाय वा काम स्वदेशमा गर्न सके बढी उपलब्धिमूलक हुन्छ।
- आफू वैदेशिक रोजगारीमै रहेका बेला आफ्नो घरमा बेरोजगार रहेकालाई आयमूलक कार्य वा व्यवसाय गर्न प्रोत्साहन गर्नुपर्छ।
- कुनै व्यवसाय वा आयमूलक कार्यमा रकम प्रयोग गर्ने अवस्था नभएसम्म वैदेशिक रोजगारबाट प्राप्त रकमलाई बैंक वा वित्तीय संस्थामा बचत गरी सुरक्षित राख्नुपर्छ।
- आयमूलक कार्य वा व्यवसायका लागि आफूले बनाएको सक्षम योजनाका लागि रकम अपुग भए बैंक, वित्तीय संस्था वा नेपाल सरकारले ल्याउने कार्यक्रमहरूमार्फत ऋण, सहुलियत आदि लिन सकिन्छ। यसका लागि सरकारी सूचनाहरूका विषयमा जानकारी लिने गर्नु पर्दछ।
- वैदेशिक रोजगारीमा सिकेको सीपलाई मूल्यांकन गरी प्रमाणपत्रसमेत दिने व्यवस्था हुने भएकोले आफ्नो सीपको परिक्षण गराई योग्यताको प्रमाणपत्र लिने गर्नु पर्दछ।

### वैदेशिक रोजगारीमा आर्जन गरेको रकम र सीप प्रयोग गरी विभिन्न अयमूलक कार्य गर्न सकिन्छ, जसमाः

- दैनिक उपभोग्य वस्तुहरूको व्यापार (किराना पसल, होटल, रेस्टुराँ, कस्मेटिक, गिफ्ट सप आदि) सञ्चालन गर्ने।
- विदेशमा सिकेको सीप तथा प्रविधिको प्रयोग गरी गाउँस्तरमा साना उद्योग सञ्चालन गर्ने।
- कृषि फार्म (जस्तैः बाखापालन, कुखुरापालन, बंगुरपालन, माछापालन लगायत) मा लगानी गरी आय आर्जन बढाउने।
- बेमौसमी तरकारीखेती गरी आय आर्जन बढाउने।
- सिलाइ, बुटिक, पार्लर, पोतेका सामग्री बनाउने, खेलौना बनाउनेजस्ता काम पनि गर्न सकिन्छ।

# कृषि क्षेत्रको सम्भावना र सरकारको कृषि नीति



❑ दामोदर खनाल

सरकारले आगामी आर्थिक वर्षका लागि प्रस्तुत गरेको नीति तथा कार्यक्रममा कृषिमा डिजिटल प्रणाली, भूमि बैंक, कृषिबालीको न्यूनतम समर्थन मूल्य, प्याकेजिङमा आधारित उत्पादनलगायत कृषिलाई सम्मानित र उद्यमशील पेसाको रूपमा स्थापित गर्ने घोषणा गरेको छ। जुन अत्यन्त राम्रो पक्ष हो। हुन त विगतका सरकारले पनि कृषिलाई जोड दिने भने पनि व्यवहारमा त्यो देखिएन। तर पनि यो सरकारबाट किसानहरू निकै आशावादी भने देखिन्छन्।

नेपाल कृषिप्रधान देश हो, जहाँका करिब ६५ प्रतिशत जनसंख्या कृषि कार्यमा संलग्न छन्। उनीहरू खेती किसानी, पशु पालन, माछा मासु उत्पादन, फलफूल जडीबुटी उत्पादनमा लागेको पाइन्छ। मुलुकको भौगोलिक बनोट र हावा, पानीअनुसार तराई, पहाड, हिमाली क्षेत्रमा कृषि तथा पशु पालन व्यवसाय गरिँदै आएको छ।

यद्यपि, तथ्यांकमा नेपालको जनसंख्याको ठूलो हिस्सा कृषिमा लागे पनि आत्मनिर्भर छैन। हिजोका दिनमा खाद्यान्न निर्यात गर्दै आएकोमा हाल मासिक अर्बौं रूपैयाँको खाद्यान्न फलफूल तरकारी विभिन्न मुलुकबाट आयात गरिरहेको अवस्था छ। तर विकसित देश अमेरिका, जर्मनी, अस्ट्रेलिया, जापानलगायतका देशहरूमा १० देखि २० प्रतिशत जनसंख्या कृषि कार्यमा लागेर पनि ५० प्रतिशतभन्दा बढी कृषिजन्य उत्पादन निर्यात गरेर राम्रो विदेशी मुद्रा आर्जन गरिरहेका छन्। देशलाई आत्मनिर्भर बनाउन सफल छन्।

## आधुनिक प्रविधिको आवश्यकता

हाम्रो देशमा कृषिको राम्रो सम्भावना भएर पनि ठूलो हिस्सा कृषि कार्यमा लाग्दा पनि आत्मनिर्भर हुन सकेका छैनन्। यसको मूल कारण कृषिमा आधुनिक प्रविधिको भरपुर प्रयोग हुन नसक्नु हो। यसप्रति वर्तमान सरकारले चासो दिन जरूरी छ। हुन त सरकारले उत्पादन वृद्धि, आयात प्रतिस्थापन र खाद्यान्न आत्मनिर्भरताका लागि यान्त्रिकीकरण, डिजिटल प्रविधि, एग्रिटेक प्याकेजमा आधारित उत्पादन प्रणाली, बाली लगाउनुअघि नै प्रमुख कृषि बालीको समर्थन मूल्य तोक्ने र किसानको खातामा सोझै डिजिटल भुक्तानी गर्ने योजना अगाडि सारेको छ। यसले किसान र कृषि उद्यमीलाई उत्साहित बनाएको छ।

गाउँका अधिकांश युवाहरू विदेसिएका कारण उब्जाउयोग्य खेतबारी बाँझै रहेको छ। यस्तो हुनुमा सरकारको स्पष्ट कृषि नीति नहुनु राजनीतिकर्मी, कर्मचारी र किसानबीच तालमेल हुन नसक्नु नै हो। कृषिमैत्री वातावरण नहुनु, सरकारको स्पष्ट कृषि नीतिको अभाव, कृषिमा आवश्यकताअनुसार आधुनिक प्रविधि भित्रन नसक्नु, बीउविजन, मलखादको अभाव, असुविधा, सहुलियतपूर्ण कृषि ऋणको अभाव, कृषि उत्पादनको बजारीकरणको समस्याजस्ता कारण पनि प्रमुख समस्या हुन्।

तर पनि यो नीति तथा कार्यक्रममा कृषि बैंक प्रणालीमार्फत बाँझो जमिन उत्पादनमा प्रयोग गरिने तथा युवा महिला र भूमिहीन किसानलाई पहुँच निश्चितता गरिने उल्लेख छ। किसान सूचीकरण, किसान परिचयपत्र र किसान क्रेडिट कार्डमार्फत सहुलियतपूर्ण वित्तीय पहुँच विस्तार गरिने पनि उल्लेख छ। यो सकारात्मक पक्ष हो र यस्ता सवालले किसानलाई हौसला पनि जगाउँछ। कृषि क्षेत्रको बजारीकरणका लागि विभिन्न जिल्लामा स्थापना भएका निजी क्षेत्रका बजारहरूलाई बजारीकरणका लागि प्रयोग गर्न सके किसान व्यवसायी र उपभोक्ता लाभान्वित हुने देखिन्छ। विगतका सरकार कृषि क्षेत्रमा निजी क्षेत्रमैत्री कहिल्यै हुन नसक्दा कतिपय जिल्लाका किसान बजार र मूल्य सुनिश्चितताको अभावमा समस्यामा परिरहे।

पछिल्लो समय कतिपय जिल्लामा विदेशबाट फर्किएका केही युवाहरू तरकारीखेती, पशुपालनलगायतका कार्यमा लागेको पाइन्छ। तर पनि उनीहरू सुलभ कृषि कर्जा, उन्नत बीउविजन, मलखाद र उत्पादित वस्तुको बजार पाउन नसक्दा निराश छन्।यसरी कृषि कार्यमा जागेका किसानहरूलाई उत्पादनको मूल्य र बजारको सुनिश्चितता गर्दै सरकार र सरोकारवाला निकायले साथ दिन सक्ने हो भने यो पेसा व्यवसायबाट राम्रो आम्दानी लिन सकिन्छ। अर्कोतर्फ आयात घटाउँदै स्वदेशमै रोजगारको ठूलो अवसर सिर्जना हुन सक्छ।

## बजारको सुनिश्चितता

विभिन्न जिल्लाहरू घुम्दा किसानहरू कृषि कार्यमा जमेरै लागेको देखिन्छ भनी त्यहाँको मनोरम वातावरण प्राकृतिक सुन्दरताले गर्दा कृषि र पर्यटनको एकसाथ विकास गर्न सकिने सम्भावनाका आधार पनि भेटिन्छ। यसबारे पहल भएको देखिँदैन। कतिपय गाउँमा उखु, तरकारी, फलफूललगायत नगदेबाली बेचेर वार्षिक करिब ४० देखि ५० लाख रूपैयाँसम्म आम्दानी गर्ने किसानहरू पनि छन्। उनीहरूले यसै आम्दानीबाट केटाकेटीहरूको लालनपालन पढाइ खर्चलगायत घरसमेत बनाउन सफल भएका कथा छन्।

त्यस्तै विभिन्न जिल्लामा किसानहरूले जग्गा भाडामा लिएरसमेत बृहत् कृषि कार्य गरेको पनि पाइन्छ। सहरबजारमा खुलेका तरकारी बजारका कारण किसानका तरकारी फलफूल गाउँगाउँमै गएर उठाइदिने गरेका कारण पनि किसानलाई सुविधामात्र नभई बजार खोज्ने समस्यासमेत टरेको छ। हिजो बारीमा त्यसै कुहिएर खेर जाने स्कुस, फर्सी, तामा, घिरौला, लौका, काँक्रा, नास्पाती, मेवालगायत कृषि पैदावारले आज बजार पाएको छ। जसबाट उनीहरूले घर खर्च चलाएका छन्, छोराछोरीलाई पढाउनुका साथै राम्रो प्रगति गरेका छन्। यसरी कृषि कार्यमा राम्रैगरी जागेका कतिपय किसानले वस्तुको उचित बजार र मूल्य नपाउँदा निराश पनि छन्। यसप्रति सरकार र सरोकारवाला निकाय गम्भीर भएर किसानलाई हौसला दिन जरुरी छ।

उता हालैमात्र भैरहवाबाट अन्तर्राष्ट्रिय उडान सुरू भएकोले अब अन्तर्राष्ट्रिय बजारमासमेत यहाँको अर्गानिक उत्पादन तरकारी, फलफूलको बजार विस्तार हुन सक्ने सम्भावना बढेको छ। त्यस्तै रूपन्देहीको मणिग्राममा आधुनिक नेपालकै ठूलो लुम्बिनी कृषिउपज थोकबजार सञ्चालनमा आएको छ। तीन विघा क्षेत्रफलमा फैलिएको यो बजारमा १७८ वटा आधुनिक व्यावसायिक सटरहरू छन्। जहाँ किसानलक्षित चार जिल्ला समेटिएको कृषि सहकारी पनि रहेको छ। जुन बजार लुम्बिनी, कर्णाली र गण्डकी प्रदेशका अर्गानिक उत्पादन विदेश निर्यातका लागि महत्त्वपूर्ण केन्द्रका रूपमा प्रयोग गर्न सकिन्छ।

किसानहरूले कृषिबाट फाइदा लिन अबका दिनमा एक-दुई कट्ठा वा एक-दुई रोपनीमात्र जग्गामा कृषि कार्य गरेर सफलता खोज्दछौं भने त्यो सम्भव छैन। धेरै जग्गामा आधुनिक तरिकाले बृहत्रूपमा कृषि कार्य गरी ठूलो परिमाणमा उत्पादन गर्न आवश्यक छ। राम्रो गुणस्तरीय उत्पादन गर्नसके स्थानीय, क्षेत्रीय, राष्ट्रिय, अन्तर्राष्ट्रिय बजारमासमेत बजारको राम्रो सम्भावना छ।

यदि हामीले नेपालमै ठूलो परिमाणमा कृषिजन्य वस्तुको खेती गर्न सके नेपालमै थुप्रैले रोजगार पाउने छन् र ठूलो रकम विदेसिनबाट समेत रोकिने छ। तसर्थ, सरकारले कृषि क्षेत्रको यस्ता अवसरबारे स्पष्ट योजना बनाएर किसानलाई प्रोत्साहन दिन जरुरी छ। यसो भएमा ठूलो नेपाली जनशक्ति विदेसिनबाट पनि रोकिने छन्।

नेपालका कतिपय कृषि पैदावार तामा, च्याउ, अदुवा, कोदो, कफी, टिम्मुर, खुर्सानी, स्याउ, सुन्तला, बेसारलगायतका कृषि पैदावार विदेश निकासी गर्न सकिन्छ। तर सरकार यस्ता सम्भावनाबारे गम्भीर हुन सकेको देखिँदैन।

## निजी क्षेत्रमैत्री नीति आवश्यक

अब सरकारको कृषिमैत्री नीति, उत्पादनमा अनुदान गाउँमै प्राविधिक उपलब्धता, मल-बीउको सहज व्यवस्था, बजार र मूल्यको निश्चितता, कृषिजन्य वस्तुको मूल्यमा बिमाजस्ता विषयमा गम्भीर हुन आवश्यक छ। यसैगरी सरकारले निजी क्षेत्रका ठूला बजारहरूलाई पनि बिजुली, सरसफाइ, कोल्ड स्टोर, सहुलियतपूर्ण कृषि ऋण, कृषि प्रविधि, कृषि एम्बुलेन्सजस्ता सवालमा सुविधा दिन सके किसान-उपभोक्ता-व्यवसायी तीन पक्षलाई नै लाभ पुग्न सक्छ। ७७ जिल्लामा सरकारी कृषिबजारको संख्या जम्मा १२ वटामात्र छ। यी सरकारी बजार रहेका र अन्य जिल्लामा निजी क्षेत्रका बजारको भूमिका ठूलो छ तर सरकार निजी क्षेत्रमैत्री हुन सकेको देखिँदैन। निजी क्षेत्रले सहुलियत पाए त्यसको लाभ उपभोक्ताले नै पाउँछ भन्ने सरकारले बुझ्न सकेको छैन।

नेपालमा सम्भावना निकै राम्रो छ भन्ने कुरा बुटवलमा रहेको लुम्बिनी कृषिउपज थोक बजार र कालीमाटी थोक तरकारी बजार केन्द्रको तथ्यांकले पनि स्पष्ट पार्दछ। यो थोक बजार केन्द्रमा कारोबार हुने तरकारी फलफूलको तथ्यांक हेर्दा भारतबाट करिब ६० प्रतिशत, नेपालको ३० प्रतिशत र चीनको १० प्रतिशत तरकारी फलफूल भित्र्याएर कारोबार भएको तथ्यांकमा देखिन्छ। मूल्यको आधारमा हेर्दा रूपन्देही करिब सातदेखि आठ अर्ब रूपैयाँको तरकारी तथा फलफूल आयात भएको तथ्यांकले देखाउँछ। तर खुला सीमाका कारण यो भन्दा पनि बढी मूल्यको कारोबार हुने अनुमान छ।

वालेन्द्र सरकारले आफ्नो नीति तथा कार्यक्रममा कृषिमा जोड दिएको विषयवस्तु व्यवहारमा लागू गर्न अपरिहार्य छ। उद्योगी व्यवसायीले पनि आफ्नो व्यापार व्यवसायलाई अब नयाँ शिराबाट अगाडि बढाउन जरुरी देखिन्छ।

सरकारले स्पष्ट कृषिमैत्री नीति ल्याउन सक्ने हो भने कृषि क्षेत्रमा ठूलो संख्यामा जनशक्ति रूपान्तरण हुन सक्ने सम्भावनालाई आत्मसात् गर्न सकिन्छ। कृषि क्षेत्रको विकासका लागि सरकारले ठोस कदम चाल्न सके ठूलो सख्यामा रोजगार सिर्जना भई विदेसिन लालायित युवाको ठूलो हिस्सालाई स्वदेशमै रोजगार दिन सकिन्छ। र, कृषि कार्यबाट नै नेपालमा आर्थिक क्रान्ति सम्भव छ भन्दा फरक पर्दैन।




✍ बैकुण्ठ भण्डारी



# बदलिँदै छ देश !

काठमाडौं सहर बिहानैदेखि कराइरहेको थियो। सडकमा पछिल्लो समयका आएका चिल्ला बिजुली गाडी अनि 'हर्न निषेध' भने पनि ट्वाऽट्वा भने हटेको थिएन। रंगीचंगी इँटाले बनाइएको फुटपाथमा कोही कलेजका पोसाकमा त कोही कार्यालयको पोसाकमा भीड। सबैलाई उस्तै हतार। पसलको सटर खुल्ने आवाज, अनि धूलोले भरिएको हावा। सहर मानौं कहिल्यै निदाउँदैन थियो। निदाए पनि सपना देख्न समय थिएन।

रत्नपार्क नजिकैको एउटा पुरानो चिया पसलमा दुई जना नियमित ग्राहक थिए, बैरी र मटचांग्रो। दुवै सहरका गरिब। दुवैको जिन्दगी एउटै खालको संघर्षले भरिएको। बैरी निर्माणस्थलमा ज्याला मजदुरी गर्थ्यो भने मटचांग्रो कहिले रिक्सा चलाउँथ्यो, कहिले सामान बोक्थ्यो। उनीहरूको ठेगाना पनि स्थायी थिएन। कोठाभाडा बढेपछि कहिले थापाथली, कहिले बानेश्वर, कहिले धोबिखोलाको किनारामा रहेको सुकुमबासी बस्तीको झुप्रामा सरिरहनु उनीहरूको नियतिजस्तै बनेको थियो।

त्यो बिहान पनि उनीहरू चिया पसलको कुनामा बसेर दुई रूपैयाँ बढी चिनी भएको चिया पिइरहेका थिए। बैरीले चियाको कप फुक्दै भन्यो, 'ए मटचांग्रो, देश विकास हुँदै छ रे !'

मटचांग्रोले टाउको उठाएर सडकतिर हेऱ्यो। त्यही बेला एउटा खाल्डोमा मोटरसाइकल फस्यो र चालक कराउँदै उठ्यो। मटचांग्रो मुसुक्क हाँस्यो।

'विकास यही खाल्डोभित्र लुकेको होला।'

बैरी पनि हाँस्यो।

'हिजो टिभीमा नेता भन्दै थिए- हामीले देशलाई सिंगापुर बनाउँछौं।' मटचांग्रोले तुरुन्त जवाफ दियो, 'पहिले काठमाडौंलाई काठमाडौं त बनाऊन् !' चिया पसले कान्छाले पनि कुरा सुन्दै थियो। उसले गिलास पुछ्दै भन्यो, 'तिमीहरू धेरै नकारात्मक भयौं। देश धेरै अगाडि बढिसक्यो।'

बैरीले सोध्यो, 'कहाँ पुग्यो ?'

कान्छाले उत्तर दियो, 'महँगीमा !'

तीनै जना ठट्टाले हाँसे।

तर त्यो हाँसोभित्र वास्तविक पीडा मिसिएको थियो। मटचांग्रोले खल्तीबाट २० रूपैयाँ निकाल्दै भन्यो, 'पहिला यही पैसाले चिया र बिस्कुट आउँथ्यो। अहिले चियाको गन्ध पनि आउँदैन।'

बैरीले सहमति जनायो। 'बजार त यस्तो छ, तरकारी किन्न जाँदा आफू नै बेचिनुपर्ने जस्तो लाग्छ।' त्यही बेला एकजना मानिस मोबाइलमा ठूलो स्वरले कुरा गर्दै चिया पसलमा आयो। उसले भन्यो, 'भाइ, एउटा कफी बनाऊ, विनाचिनी, विनादूध।' मटचांग्रोले विस्तारै बैरीलाई कोटचाउँदै भन्यो, 'हेर न, पैसा धेरै भएपछि चिनी र दूध पनि खान नहुने रहेछ।'

बैरी हाँस्यो- 'हामी गरिब भएकाले सबै खानुपर्छ, धूलोसमेत।' मेलम्ची पानी खुवाउने र सहरलाई ताररहित बनाउनका लागि भन्दै खनिएको पिच सडकबाट धूलो उडिरहेको थियो। सरकारले यो साता सरसफाइ अभियान सुरु गरेकाले होला अस्ति फोटोमा युवा सभामुख दौरा सुरुवालसहित सिंहदरबारमा पन्जा लगाएर फोहोर टिप्दै थिए।

महानगरपालिकाको एउटा फोहोरै फोहोर देखिने गाडी 'घर अगाडि सफा राखौं' भन्दै माइक बजाएर दौडिरहेको थियो। तर सडक पेटीमा भने 'फाल्न मनाही छ' लेखेको बोर्डमुनि फोहोरको थुप्रो थियो। मटचांग्रोले बोर्डतिर हेर्दै भन्यो, 'देशमा सबैभन्दा सफा कुरा के हो थाहा छ ?'

बैरीले सोध्यो, 'के ?'

'भाषण ! किनकि त्यो कहिल्यै व्यवहारमा आउँदैन।' केही महिना अगाडि चुनाव आयो। धेरै मानिसको हातमा भएको मोबाइलमा सामाजिक सञ्जालका भित्ताहरू निकै उत्कृष्ट नाराहरूसहित भरिएका थिए। मोबाइलमा जे हेरे पनि 'हाम्रो उम्मेदवारलाई जिताउनुहोस् ! विकासको लहर ल्याउनुहोस् !' यस्तै यस्तै देखिन्थ्यो।

बैरी र मटचांग्रो चिया पसलमै थिए। बैरी ले भन्यो, 'चुनाव आउँदा त हामी पनि महत्त्वपूर्ण मान्छे हुन्छौं है !' मटचांग्रोले चियाको चुस्की तान्दै भन्यो, 'हो नि, पाँच वर्षमा एकचोटि हाम्रो अनुहार पनि सम्झिन्छन्। चार महिनाअघि यही चिया पसलमा के भाको थियो सम्झी त।' ऊ टोलायो। अनि त्यो दिन सम्झन थाल्यो। त्यो दिन त्यही ठाउँमा चिया खाँदै गर्दा नयाँ पार्टीको नयाँ कार्यकर्ता आएको थियो र उसले भनेको थियो। 'दाइहरू, हाम्रो पार्टीलाई भोट दिनुपर्छ है।'

बैरीले सोध्यो, 'किन ?'

कार्यकर्ताले गर्वले भन्यो, 'हामी गरिबको पार्टी हौं। हामी नातावाद कृपावाद अनि भ्रष्टाचारविरोधी पार्टी हौं।'

मटचांग्रोले तुरुन्त जवाफ दियो, 'त्यसैले त पाँच वर्षदेखि गरिबी जोगाएर राख्नुभएको होला !' कार्यकर्ता अलि अप्ठ्यारो मान्दै हाँस्यो। उसले दुईवटा टोपी दियो र गयो। बैरीले टोपी हेर्दै भन्यो, 'हेर त, चुनावमा कम्तीमा टाउको छोप्ने सामान त पाइन्छ।'

मटचांग्रो भन्यो, 'हो, पेट खाली भए पनि टाउको पार्टीको झण्डाले छोपिन्छ।' त्यो महिनाको अन्तिम हप्ता थियो। घरबेटीले कोठाभाडा बढाएको खबर आयो। त्यसै बेला घरबेटीको फोन आयो। 'भाडा समयमै तिर्नु है, नत्र अर्को मान्छे राख्छु।' बैरी रिसाउँदै भन्यो, 'हामी कोठा भाडामा बस्छौं कि कोठाले हामीलाई भाडामा राखेको हो ?' मटचांग्रोले लामो सास फेऱ्यो। बैरीले फोन काट्दै भन्यो, 'हामी मान्छे होइनौं जस्तो छ। सायद कोठामा पैसामात्रै बस्छ।'

एकदिन बैरीको छोरो बिरामी भयो। ऊ अस्पताल पुग्यो। लाइन लामो थियो। 'के भयो ?,' मटचांग्रोले सोध्यो। बैरीले थाकेको स्वरमा भन्यो, 'डाक्टर भेट्नुभन्दा नेता भेट्न सजिलो रहेछ।' अस्पतालको फाराम, परीक्षण, औषधि सबै महँगो। बैरीले व्यंग्य गर्दै भन्यो, 'गरिबलाई रोग लाग्नु पनि विलासिताजस्तो रहेछ।' मटचांग्रोले टाउको हल्लायो। 'त्यसैले त गरिबले बिरामी हुँदा पहिले झारफुक गर्छ, पछि पैसा भए अस्पताल। अस्पतालमा पैसा तिर्दा तिर्दै त्यही मर्छ !'

दुवै डिच्च हाँसे।

'ओहो ! मैले त भुसुक्कै बिर्सेको,' मटचांग्रोले भन्यो, 'मेरो छोराले निजी स्कुलमा पढ्न खोज्यो। स्कुलको फि सुनेपछि मैले उसलाई सरकारी स्कुलको महानता सम्झाएँ।' बैरी हाँस्यो। 'नेपालमा शिक्षा यस्तो छ, धनीका छोराछोरी अंग्रेजीमा भविष्य बनाउँछन्, गरिबका छोराछोरी नेपालीमा बेरोजगार हुन्छन्।'

मटचांग्रोले पुरानो मोबाइल किनेको थियो। उसले फेसबुक चलाउन सिक्न थालेको थियो। जुनबेला पनि मोबाइलमा डेटा हालेरै भए पनि फेसबुक चलाउनुपर्ने भयो। बैरीले सोध्यो, 'कस्तो लागिराखेको छ ?' मटचांग्रोले भन्यो, 'अचम्म ! यहाँ सबै मान्छे खुसी देखिन्छन्।'

बैरी हाँस्यो। 'किनकि फेसबुकमा भोक लाग्दैन।'

मटचांग्रोले मोबाइल स्क्रोल गर्दै भन्यो, 'हेर न, एउटा मान्छे लेख्दै छ- काठमाडौं हाम्रो प्यारो सहर, म नेपाल हाँसेको हेर्न चाहन्छु !' मटचांग्रोले अर्को पोस्ट देखायो, 'नेपाल विकासको नयाँ युगमा प्रवेश गऱ्यो।' बैरीले तुरुन्त भन्यो, 'हो, हामीचाहिँ पुरानै दुःखको युगमा अड्किएका छौं।'

'जबसम्म सहरमा गरिब छन्, तबसम्म नेताको भाषण बाँच्छ।' बैरीले हाँस्ने प्रयास गऱ्यो, 'हामी पनि कति भाग्यमानी है !' 'किन ?,' मटचांग्रोले सोध्यो। 'देशको सबै समस्या आफ्नै आँखाले देख्न पाइरहेका छौं।' मटचांग्रोले चियाको अन्तिम घुटको पियो। 'हो, हामी गरिब होइनौं बैरी...'

बैरी अचम्ममा पऱ्यो, 'अनि ?'

मटचांग्रोले बाहिरको झिलिमिली सहरतिर हेर्दै भन्यो, 'हामी त विकासको प्रत्यक्षदर्शी हौं।'

त्यसपछि दुवै चुप लागे। सडकमा फेरि गाडीको साइरन बज्यो। ठूला गाडीहरू हुइँकिँदै अगाडि बढे। सडकमा पाइप बिछ्याउन खनिएको खाल्डोबाट गाडीको चक्काले हिलोलाई छप्लाङ् पार्दै कुद्यो। त्यो हिलो बैरी र मटचांग्रोको अनुहारमा पऱ्यो। बैरीले अनुहारमा परेको हिलो पुछ्दै मुस्कुराएर भन्यो, 'हेर मटचांग्रो, विकास फेरि आइपुग्यो।'

नेपाल यस्तो देश हो जहाँ हरेक १० वर्षमा जनता उत्साहित हुन्छन् र बाँकी वर्ष निराश। कहिले राजतन्त्र हटयो भनेर खुसी, कहिले गणतन्त्र आयो भनेर खुसी, कहिले दुईतिहाइको सरकार आयो भनेर खुसी, अनि कहिले नयाँ अनुहार राजनीतिमा आयो भनेर खुसी। तर अन्त्यमा जनताको हालत भने उही बिहान ग्यासको लाइन, बेलुका महँगीको तनाव। मटचांग्रोले मोबाइलमा समाचार हेर्दै भन्यो, 'ए बैरी, फेरि नेताले भनेछन्- अब देश समृद्धिको बाटोमा गयो।' बैरीले चियाको कप हेर्दै भन्यो, 'हो, हाम्रो चिया पनि समृद्ध हुँदै छ।'

'कसरी ?' 'अब चिया पसले नै देशको मालिक भइसक्यो नि त ! 'देश विकासको स्पिडमा चियाको भाउ दौडिरहेको छ।' दुईतिहाइको सरकार आयो। नेताहरूले भने, 'अब कसैले विकास रोक्न सक्दैन।' जनताले पनि पत्याए। तर अन्त्यमा के आयो ? नयाँ कर। नयाँ भाषण। नयाँ विवाद। मटचांग्रोले व्यंग्य गर्दै भन्यो, 'दुईतिहाइको सरकार भनेको के हो थाहा छ ?'

बैरीले सोध्यो, 'के ?'

'एकतिहाइ भाषण, एकतिहाइ आश्वासन, बाँकी तिहाइ दोषारोपण।'

युवाहरूले भने, 'अब पुराना नेता सकिए।' सामाजिक सञ्जालमा स्टाटस आयो, 'देश बदलिन्छ।' नेपालमा एउटा अनौठो परम्परा छ। नयाँ नेता आउँदा जनता भगवान् देख्छन्। दुई वर्षपछि उही भगवान्लाई फेसबुकमा ट्रोल गर्छन्।

व्यवस्था बदल्न सजिलो रहेछ। संविधानको किताब फेर्न सकिँदो रहेछ। अन्त्यमा मटचांग्रोले चिया सकाउँदै भन्यो, 'बैरी, अब के परिवर्तन होला ?' बैरीले मुस्कुराउँदै उत्तर दियो, फरियाको जुम्रा टाउकोमा पुगेपछि केही होला नि... अर्को चुनावमा फेरि नयाँ आश आउला !'



**ऊन कात्दै** | मुस्ताङको लोमान्थाङका वृद्धा परम्परागत तरिकाले भेडाको ऊन कात्दै । भेडाको ऊनबाट हाब्दुल, काम्लो, स्विटर, राडीपाखी र टोपी बनाइन्छ । तस्बिरः रासस

# वर्षा नहुँदा बिपी राजमार्गको पूर्वाधार निर्माणमा सहजता

**काभ्रेपलाञ्चोक–** पटक-पटकको बाढीपहिरोले क्षतिग्रस्त बिपी राजमार्गको पुनर्निर्माणमा हाल केही सहज भएको जनाइएको छ । तत्काललाई केही दिनयता वर्षा रोकिएपछि काम छिटो गतिमा भइरहेको डिभिजन सडक कार्यालय भक्तपुरले जनाएको छ ।

नेपालको पूर्वी तथा मध्यपहाडी क्षेत्रलाई संघीय राजधानी काठमाडौंसँग जोड्ने छोटो दूरीका रूपमा रहेको उक्त राजमार्गको क्षतिग्रस्त सडकको तीन स्थानबाट पुनर्निर्माण भइरहेको छ । हाल दुई स्थान चारसयबँसी र बोक्सेकुनामा अस्थायी रूपमा पुरानै सडकबाट गाडी सञ्चालन गर्न सकिने कार्यालय प्रमुख सिनियर डिभिजनल इञ्जिनियर सुमन योगेशले बताए । उनका अनुसार रोशी खोलामा बाढी आए पुरानै सडकबाट यातायात सञ्चालन गरिने छ ।

सम्भावित जोखिम तथा निर्माणलाई मध्यनजर गर्दै साँझ ५ बजेदेखि बिहान ५ बजेसम्म रातको समयमा आवागमनमा भने रोक लगाइएको योगेशले बताए । 'सडक पूर्वाधार स्वरूप आरसिसी पर्खाल तथा प्लम पर्खाल निर्माण भइरहेको छ, वर्षा नहुँदा निर्माण कार्यमा निकै सहज भएको छ,' उनले भने । उनका अनुसार राजमार्गको जोखिमयुक्त स्थानमा आगामी वर्षाअघि पूर्वाधार निर्माण सम्पन्न हुने र राजमार्गबाटै यातायातका साधन सञ्चालन गर्ने गरी निर्माणको गति अघि बढाइएको छ । यसअघि रोशी खोलामा बाढी आउनेबित्तिकै अस्थायी डाइभर्सन बगाउँदा राजमार्ग अवरुद्ध हुँदै आएको छ ।

सो पुनर्निर्माण दुई वर्षभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ । हालसम्म काभ्रेपलाञ्चोकतर्फ ठेक्का लागेको तीनवटा सडकखण्डमा कूल २५ प्रतिशत काम भएको छ । विशेषगरी २०८१ असोजमा आएको बाढीपहिरो तथा यस वर्षको वर्षामा थप क्षति पुगेपछि गत मंसिरदेखि पुनर्निर्माण थालिएको हो । क्षतिग्रस्त चारमध्ये बाँकी एक खण्ड बर्खे खोलादेखि पिप्लेसम्मको ३.२ किलोमिटर सडक निर्माण जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) ले पुनर्निर्माण गर्दै छ ।



क्षति पुऱ्याएको विभिन्न स्थानमा 'आरसिसी' पर्खाल लगाउने काम भइरहेको छ भने चौकीडाँडामा खोलाबाट प्लम्प पर्खाल लगाउन तथा चारसयबँसी र भकुण्डेबँसीमा 'आरसिसी' पर्खाल लगाउन सुरु गरिएको डिभिजनल प्रमुख योगेशले जानकारी दिए । यस्तै, डालाबँशी, मंगलटार खण्ड, चारसयबँसीदेखि नार्के खण्डमा सडक चौडा बनाउने कामसमेत भइरहेको छ । गत वर्ष र यस वर्षको बाढीले 'वासआउट' (सडक पूर्णक्षति) भएको स्थानमा बाढीले क्षति नगर्ने संरचना निर्माणको डिजाइन गरिएको छ ।

यस वर्ष क्षतिग्रस्त स्थानमा संरचना निर्माण गर्ने, सडक चौडा गर्नेलगायतको काम सम्पन्न गर्ने र आगामी वर्ष बाँकी रहेका स्थानमा संरचना बनाइ कालोपत्र गरिने जनाइएको छ । बाढीपहिरोले उक्त राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोक र सिन्धुलीखण्डको करिब ३० किलोमिटर सडकमा क्षति पुऱ्याएको थियो ।

अबको पुनर्निर्माणमा राजमार्गको स्तरोन्नति गर्दै दुई लेनको सडक निर्माण गरिने भएको हो । 'पुनर्निर्माण हुने सडकखण्डमा दुई लेनको सडक बन्ने छ भने यसभित्र रहेका पुलसँगै अर्को पुल निर्माण गरेर पुललाईसमेत दुई लेनको निर्माण गरिने छ,' उनले भने । उनका अनुसार पाँचवटा पुललाई दुई लेनमा परिणत गर्नेसमेत योजना बनाइएको छ ।

डालाबँसीदेखि चारसयबँसीसम्म ८.५ किलोमिटर सडक पुनर्निर्माणका लागि खानी-एवन-कमलजित जेभीले एक अर्ब ४२ करोड ३७ लाख रूपैयाँ (भ्याटसहित) मा निर्माण गर्ने गरी ठेक्का दिइएको छ । चारसयबँसीदेखि भकुण्डेबँसीसम्मको ११.०८ किलोमिटर सडक पुनर्निर्माणका लागि लामा-नवकान्तिपुर जेभीलाई एक अर्ब ३३ करोड ५३ लाख रूपैयाँ, नेपालथोकदेखि वर्खेखोलासम्म ४.९० किलोमिटर सडक पुनर्निर्माणका लागि ६१ करोड रूपैयाँ (भ्याटसहित) मा निर्माण गर्ने गरी खरिढुंगा-घिसिङ-क्षितिज जेभीसँग ठेक्का सम्झौता गरिएको छ ।

क्षतिग्रस्त कूल २९.५ किलोमिटर सडकमध्ये बर्खेखोलादेखि पिप्लेसम्मको ३.२ किलोमिटर सडकलाई जाइकाले दुई अर्ब ६३ करोड रूपैयाँबराबरको अनुदान उपलब्ध गराउने समझदारीपत्रमा हस्ताक्षर भएको छ । कार्यालयले जाइकाले निर्माण गर्ने सडकबाहेकका अन्य खण्डमा सरकारले गत असोजअघि नै ठेक्का लगाइसकेको थियो । क्षतिग्रस्त खण्ड पुनर्निर्माणका लागि सरकारले आठ अर्ब ५० करोड रूपैयाँ स्रोत सहमति दिएको हो । जसमध्ये काभ्रेपलाञ्चोकतर्फका तीन सडकखण्डलाई सात अर्ब ५० करोड रूपैयाँ र सिन्धुलीको एक सडकखण्डलाई एक अर्ब रूपैयाँको स्रोत सहमति दिइएको हो ।

जापान सरकारको अनुदान सहयोगमा आर्थिक वर्ष २०५३/५४ बाट बिपी राजमार्ग (धुलिखेल-सिन्धुली-बर्दिबास १६० किलोमिटर सडक) निर्माण सुरु गरिएको थियो । खण्डखण्ड विभाजन गरी निर्माण सम्पन्न राजमार्गको २०७२ असार १८ गते औपचारिकरूपमा जापान सरकारले नेपाल सरकारलाई हस्तान्तरण गरेको थियो । *रासस*

# मौसमी रोगबाट बच्न टोलटोलमा स्वास्थ्य सरोकार समिति

**टीकापुर (कैलाली)–** यहाँको टीकापुर नगरपालिका-८ मा मौसमी रोगबाट बच्न टोलटोलमा स्वास्थ्य सरोकार समितिमार्फत समुदायमा सचेतना जगाउन थालिएको छ ।

यहाँस्थित धनसिंहपुर स्वास्थ्य चौकीले मौसम अनुसारका विभिन्न सर्ने तथा नसर्ने रोगबारे समुदायलाई सचेत गराउन समुदायमा स्वास्थ्य सरोकार समिति गठन गरेर जानकारी दिन थालेको हो । ८ नं वडामा रहेका १७ वटा टोल विकास संस्थामा १७ वटा स्वास्थ्य सरोकार समिति गठन गरेर स्वास्थ्य सचेतना सञ्चालन गरिएका छन् ।

साथै, हरेक टोल विकास संस्थाको अध्यक्ष स्वास्थ्य सरोकार समितिको सदस्य रहनेगरी वडाध्यक्षको नेतृत्वमा वडास्तरीय स्वास्थ्य सरोकार समिति गठन गरिएको हो । सरोकार समितिले हरेक महिना समुदायका स्वास्थ्य समस्याबारे छलफल गर्ने, मौसमअनुसारका रोगबाट बच्ने उपायबारे जानकारी दिने गरेका छन् । जलवायु परिवर्तन र मौसम परिवर्तनका कारण मानिसमा देखापर्ने स्वास्थ्य समस्याबारे समुदायलाई सचेत गराउन थालिएको स्वास्थ्य चौकीले जनाएको छ ।

त्यसपछि वडास्तरीय समितिमा तीन-तीन महिनामा सरोकार समितिका स्वास्थ्यसम्बन्धी भएका काम र समस्याबारे छलफल गर्ने गरिएको छ । स्वास्थ्य सचेतनाका लागि स्वास्थ्य चौकीले दिएका १४ बुँदा सरसफाइ, खानपान, दैनिक जीवनशैली, स्वस्थकर व्यवहार आदिबारे स्वास्थ्य सरोकार समितिमा छलफल हुने गरेको स्वास्थ्य सरोकार समितिकी अध्यक्ष मालती साउँदले बताइन् । 'हरेक महिना टोल विकास संस्थाको बैठकमा स्वास्थ्यका फरक-फरक विषयमा छलफल गर्छौं, विशेषगरी सरसफाइलाई प्राथमिकता दिएका छौं,' उनले भनिन्, 'शुद्ध खानेपानी, सफा शौचालय, हरेक घरमा करेसाबारी लगाउने, बिरामी भएपछि लिइने उपचार सेवा, लागुऔषध, बालविवाहका विषयमा पनि छलफल गर्ने गरेका छौं ।'

सरोकार समितिमा उत्कृष्ट काम गर्नेलाई पुरस्कृत गर्ने गरिएको छ । समितिलाई एक लाख रूपैयाँबराबरको स्वास्थ्य सामग्री प्रदान गरिने छ । 'विगत पाँच वर्षदेखि वडा कार्यालयको सहयोगमा यो कार्यक्रम सञ्चालनमा छ,' धनसिंहपुर स्वास्थ्य चौकीका इन्चार्ज यमबहादुर शाहले भने, 'चार वर्ष नागरिकलाई सचेत गराउने, स्वस्थ रहने उपायबारे जानकारी दिने र जनचेतना जगाउने काम गरिएको छ ।'

यस वर्षबाट सरोकार समितिलाई स्वास्थ्य सचेतनाका लागि आवश्यक सामग्री उपलब्ध गराउने तयारी रहेको उनले जानकारी दिए । उच्च रक्तचाप जाँच गर्ने मेसिन, तौल लिने मेसिनलगायत प्राथमिक उपचार सामग्री उपलब्ध गराइने शाहले बताए । 'यसका साथै स्वास्थ्यसम्बन्धी समस्या समाधान र सचेतनाका लागि १७ वटा टोल विकास संस्थाको मेसेञ्जर ग्रुप बनाइएको छ,' इन्चार्ज शाहले भने, 'ग्रुपमा स्वास्थ्यसम्बन्धी र सरसफाइसम्बन्धी जिज्ञासा र सल्लाह दिने गरिन्छ ।'

वडाध्यक्ष दीर्घबहादुर ठकुलाले वडा नम्बर ८ विकट र सीमासँग जोडिएको पालिका भएकाले पनि नागरिकलाई रोग लागेर उपचार गर्नुभन्दा, रोग लाग्न नदिनका लागि सचेत गराउन निरन्तर कार्यक्रम गरिरहेको बताए । 'टीकापुर अस्पतालबाट टाढा रहेकाले विशेषगरी यहाँका नागरिकलाई विशेषज्ञ सेवा लिन दूरीका हिसाबले टाढा छ,' उनी भन्छन्, 'नसर्ने रोगको जोखिमबाट बचाउन सचेत गराउने गरिएको छ । पाँच वर्षको अवस्था विश्लेषण गर्दा यो कार्यक्रम प्रभावकारी बन्दै गएको छ । स्वस्थ मानिसले श्रम गर्न सक्ने भएकाले निरोगी बनाउन लगानी गरिरहेका छौं ।'

ठकुल्लाका अनुसार चालु आर्थिक वर्षदेखि नागरिकलाई विशेषज्ञ सेवा दिन 'स्मार्ट हेल्थ' कार्यक्रम सुरु गरिएको छ । 'कार्यक्रममा भिडियो कलमा विशेषज्ञ चिकित्सकलाई जोडेर स्वास्थ्य सेवा दिइन्छ,' उनले भने, 'समुदायमा स्वास्थ्य समस्या र निदानबारे छलफल गर्दा विभिन्न मौसममा देखिने स्वास्थ्य समस्याहरू पहिचानमा सहज भएको छ । समयमै उपचार पाउँदा रोग फैलनबाट जोगिने भएकाले यो कार्यक्रमलाई निरन्तरता दिने योजना छ ।' *रासस*

# बेनीलाई कटान र बाढीबाट जोगाउन नदी नियन्त्रण योजना

**म्याग्दी–** बेनी बजारमा म्याग्दी नदीको कटान नियन्त्रणका लागि आयोजना निर्माण भएको छ । सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना कार्यालय पोखरामार्फत बेनीस्थित जिल्ला प्रशासन कार्यालय पछाडि रहेको दरवाङ बसपार्क क्षेत्र भएर बग्ने म्याग्दी नदी किनारमा बाढी र कटान रोकथामका लागि पक्की पर्खाल निर्माण भएको हो ।

म्याग्दी नदी किनारमा १६५ मिटर लामो कम्पोजिट प्रविधिको पर्खाल निर्माण सम्पन्न भएको हो । पर्खाल निर्माणका लागि २०८२ वैशाखमा रूपल-सुप्रिम कन्स्ट्रक्सनसँग चार करोड २१ लाख ५९ हजार रूपैयाँमा ठेक्का सम्झौता भएको थियो । आगामी असार २० गतेसम्म ठेक्काको म्याद भए पनि इन्धन र निर्माण सामग्रीको मूल्यवृद्धिका बाबजुद लक्ष्यभन्दा एक महिनाअघि काम सम्पन्न भएको निर्माण कम्पनीका प्रतिनिधि सुरेश खड्काले जानकारी दिए । उनका अनुसार गत मंसिरदेखि निर्माण सुरु भएको थियो ।

भुइँमा चार मिटर चौडाइ भएको तीन मिटर अग्लो कंक्रिट र त्यसमाथि ग्याबिन पर्खाल निर्माण भएको आयोजनाका इञ्जिनियर नरजङ गुरुङले उल्लेख गरे । बेनी बजार संरक्षण कार्यक्रममार्फत संघीय सरकारको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले एक दशकयता म्याग्दी र कालीगण्डकी नदी कटानको जोखिम रहेको बेनी वरपरको क्षेत्रमा नदी नियन्त्रणका आयोजना सञ्चालन गरेको छ ।

आयोजनामार्फत यसअघि बेनीको मंगलाघाट, न्युरोड, कालीपुल क्षेत्रको कालीण्डकी र म्याग्दी नदी किनारमा करिब दुई किलोमिटर पक्की पर्खाल निर्माण निर्माण भएको छ । *रासस*


## मोटरसाइकल हराएको सूचना

मिति २०८३।०१।२९ गते ललितपुर जिल्ला, ललितपुर म.न.पा.-२६ ढोलाहिटी राजकुलो मार्ग स्थित पार्किङ गरी राखिएको अवस्थामा कालो, निलो रङ्गको पल्सर १५० सि.सि. मोटरसाइकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनीको नाम : असल बहादुर तुम्रोक**
**बाइक नं.: बा.प्र.-३-०२-०११ प २२६९**
**च्यासिस नं.: MD2A11CY9KPD 24502**
**इन्जिन नं. : DHYRKD 99681**
**ठेगाना : ललितपुर-२६, ढोलाहिटी**
**सम्पर्क नं. ९८०९७१६२९९**

## ओमनमा रोजगार

कम्पनी : UMM HALIMA FOR LEADING TRADE SPC

पूर्व स्वीकृति मिति : २०८३/०२/०४ | LT. No. 342261 | चलानी नं. ६०२५५५७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Beautician | 0 | 1 | 170 | ६७,९८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : DAFFODIL FLOWERS MODERN BUSINESS SPC

पूर्व स्वीकृति मिति : २०८३/०२/०४ | LT. No. 342262 | चलानी नं. ६०२५५५७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Dresser | 0 | 1 | 170 | ६७,९८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | General Beautician | 0 | 2 | 170 | ६७,९८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १२ गते (26th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

HR NEPAL SERVICES PVT. LTD.
Old Baneshwor, Kathmandu, Nepal., Tel: +977-01- 5921536
Mob: 9802343008, 9700699159 - Srijana Chidi Magar, Email: hrnepalservices@gmail.com
श्रम इजाजत नं. १५४८/०७८/०७९

## साउदीमा रोजगार

कम्पनी : AL ROSAN CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०२/०४ | LT. No.342226 | चलानी नं. ६०२५५५६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Road Maintainance Worker | 20 | 0 | 1000 | ४०,९०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १२ गते (26th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

Gulf Link Overseas Pvt. Ltd.
Basundhara Chauki, Kathmandu, Nepal. Tel: + 977-1-4958004
Email: info@gulflinkoverseas.com, gulflinkoverseaspvtltd@gmail.com, Website: www.gulflinkoverseas.com
श्रम इजाजत नं. ५८३/०६२/०६३

## साउदीमा रोजगार

कम्पनी : SAED INTERNATIONAL FOR ISTIGDAM.

पूर्व स्वीकृति मिति : २०८३/०२/०४ | LT. No. 342104 | चलानी नं.६०२५५५७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker Load And Unload | 1 | 0 | 3200 | १३०,९०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १२ गते (26th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

HAMDAN GLOBAL PVT. LTD.
Sinamangal - 9, Kathmandu (Opposite of Hope hospital), Tel: +977 1 5915082 / 83
Email: hamdanglobalnepal@gmail.com, Web: www.hamdanglobal.com
License No. : 1563/079/080

## युएइमा रोजगार

कम्पनी : NATIONAL SECURITY GUARDS LLC

पूर्व स्वीकृति मिति : २०८३/०२/०४ | LT. No. 342318 | चलानी नं. ६०२५५५४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security | 12 | 0 | 1200 | ५०,२४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १२ गते (26th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

NOVA INTERNATIONAL PVT. LTD.
Surya Bikram Gyabali Marg Gaushala-09, Kathmandu, Nepal. Tel:- +977-1-014573271, 4573602
(Nita & Anju Miss) 9709166724, Email: info@novainternational.com.np, URL: www.novainternational.com.np
श्रम इजाजत नं. १०१९/०६८/०६९

## साउदीमा रोजगार

कम्पनी : EMDAD HUMAN RESOURCES FOR RECRUITMENT COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०८/१२ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/०४ | LT. No. 334402 | चलानी नं. ६०२४७८९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | semi skill & skill worker (manufacturing | 1 | 0 | 1000 | ४०,९०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Worker Load And Unload | 1 | 0 | 1000 | ४०,९०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १२ गते (26th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

MANISPOWER OVERSEAS EMPLOYMENT AND PROMOTER PRIVATE LIMITED
Kathmandu, Nepal, Tel: 01-4547203/04, Umesh Thapa 9841251569
E-mail : contact@mipjobs.com, Web: www.mipjobs.com
Govt. License No. 1694/081/082

## कतारमा रोजगार

कम्पनी : NEW STATE SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०१/११ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०२/०४ | LT. No. 322467 | चलानी नं. ६०२३६५७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 1 | 0 | 1100 | ४६,५०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Ceramic Worker | 1 | 0 | 1100 | ४६,५०४ | | | | | | | |
| 3. | Helper /labourer / ceramic worker /building worker | 2 | 0 | 1000 | ४२,२७६ | | | | | | | |
| 4. | Messenger/Reporter | 1 | 0 | 1100 | ४६,५०४ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ १२ गते (26th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD
Tokha -07, Basundhara, Kathmandu, Nepal
(Anita Nepal) 9709459391, E-mail : strikeforceasiarecruitment@gmail.com
LIC 1675/080/81

## मलेसियामा रोजगार

कम्पनी : PADANG LEMBU NURSERY SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८३/०२/०४ | LT. No. 342089 | चलानी नं. ६०२५५५५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/P.O. | 30 | 0 | 1700 | ६५,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८३ जेठ १२ गते (26th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

Api Manpower Solutions Pvt Ltd
Kusunti-14, Lalitpur, Nepal, Tel:+977-01-5454927, 5454928, Shree Prasad Khakural 9851043059
E-mail: info@apimanpower.com, apimanpowers@gmail.com Website : www.apimanpower.com
Lic No. 1115/073/074

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २९४८०० | प्रति तोला – ० | प्रति तोला – ५०४० |



सिन्धुलीको गोलञ्जोर गाउँपालिका वडा नं १ च्याकुटारबेसीमा किसानले गरेको मकैखेती । केही समयअघि आएको हावाहुरीका कारण मकैखेती केही प्रभावित भए पनि उत्पादनमा भने खासै असर नपर्ने सम्भावना रहेको किसानहरू बताउँछन् । *तस्बिरः रासस*

## समस्याग्रस्त सहकारीका बचतकर्ताको रकम फिर्ता सुरु

### पहिलो दिन ३७८ बचतकर्ताको रकम फिर्ता

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले समस्याग्रस्त सहकारीका साना बचतकर्ताको रकम फिर्ता दिन सुरु गरेको छ । समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले सोमबार तीन वटा सहकारीका ३७८ जना साना बचतकर्ताको रकम फिर्ता गरेको हो ।

समितिका अनुसार कान्तिपुर सहकारीका २१५, शिव शिखर बहुउद्देश्यीय सहकारीका १५६ र पशुपति सहकारी सात जना साना बचतकर्ताले बचत फिर्ता पाएका हुन् । सोमबार पहिलो दिन थोरै बचत भएका बचतकर्तालाई रकम फिर्ता गरिए पनि अब क्रमशः बचतकर्ताको रकमका आधारमा वर्गीकरण गरेर सबैलाई फिर्ता गरिने भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलको सचिवालयले जनाएको छ ।

समितिका अनुसार समस्याग्रस्त सहकारीका करिब ७६ हजार बचतकर्ताको करिब रु ४६ अर्ब रकम फिर्ता गर्नुपर्ने छ । तीमध्ये अधिकांश साना बचतकर्ता रहेका सचिवालयले जनाएको छ । रु पाँच लाखभन्दा कम रकम बचतकर्तालाई साना बचतकर्ता र रु पाँच लाखभन्दा बढी रकम बचतकर्तालाई ठूला बचतकर्ताका रूपमा वर्गीकरण गरिएको छ । कुल ७६ हजारमध्ये रु पाँच लाखभन्दा बढी बचत गर्ने १८ हजार रहेका समितिले जनाएको छ ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री प्रतिभा रावलले बचत फिर्ताका लागि सहकारीहरूको ऋण असुल्ने काम तीव्र रूपमा भइरहेको बताए । उनका अनुसार समस्याग्रस्त सहकारीका ऋणहरूको नाममा सार्वजनिक भएपछि अहिले ऋणीहरूले ऋणी फिर्ता गर्न लागेका छन् ।

समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका अनुसार अहिले समस्याग्रस्त सहकारीका ऋणीहरूले रु दुई करोडभन्दा बढी ऋण फिर्ता गरेका छन् । ऋणी असुली र बचत फिर्ता सँगसँगै अघि बढ्ने समितिले जनाएको छ ।

राष्ट्रिय आर्थिक गणना

## देशभर करिब ८७ प्रतिशत गणना सम्पन्न

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय तथ्यांक कार्यालयले सुरु गरेको दोस्रो 'राष्ट्रिय आर्थिक गणना, २०८२' मा हाल सम्म ८७ दशमलव शून्य आठ प्रतिशत गणना सम्पन्न भएको छ । थापाथलीस्थित कार्यालयमा सोमबार आयोजित पत्रकार सम्मेलनमार्फत गणनाको हालसम्मको प्रगति विवरण सार्वजनिक गरिएको हो ।

कार्यालयका उपप्रमुख तथ्यांक अधिकारी एवं प्रवक्ता ढुण्डीराज लामिछानेले वैशाख २ गतेदेखि सुरु भएको गणना आगामी असार ७ गतेसम्म जारी रहने बताए । यस बीचमा देशभरका गणकहरूले स्थलगत तथ्यांक संकलन गरी हालसम्म आठ लाखभन्दा बढी कागजी फारम र १० हजारभन्दा बढी 'इसेन्सस टोकन' बाँडिसकेका उनले जानकारी दिए ।

कार्यालयका प्रमुख तथ्यांक अधिकारी डा. कमलप्रसाद पोखेलले स्थलगत विवरण संकलन सक्रिय रूपमा भइरहेको बताउँदै गणनामा खटिने प्रतिष्ठानहरूले सत्य, तथ्य विवरण उपलब्ध गराई दिन आग्रहसमेत गरे । उनका अनुसार खास गरी रेडियोमा काम गर्ने सञ्चारकर्मीले गणना भइरहेको बारे प्रचारप्रसार गरेर सहजीकरण गर्नका लागि अनुरोध गरे ।

प्रमुख तथ्यांक अधिकारी डा पोखेलले सरकारलाई आगामी लक्ष्य पूरा गर्न राष्ट्रिय आर्थिक गणना महत्त्वपूर्ण आधार बन्न सक्ने धारणा राखे । प्रतिष्ठान, व्यवसायको संरचना, संख्या, विवरण र रोजगारी तथा आर्थिक विवरण प्राप्त गर्ने, कुल ग्राईस्थ्य उत्पादन तथा राष्ट्रिय लेखाका अन्य अनुमानलाई समयसापेक्ष सुदृढीकरण गर्ने, प्रतिष्ठानमा आधारित सर्वेक्षण सञ्चालन गर्नका लागि तथ्यांकीय 'स्याम्पल फ्रेम' प्राप्त गर्ने, संघीय संरचनामा सबै सरकारलाई आर्थिक विकासको नीति, योजना तथा कार्यक्रम तर्जुमा र मूल्यांकन गर्नेलगायत उद्देश्यका लागि आर्थिक गणना प्रभावकारी हुने उनले बताए ।

कार्यक्रममा सहभागी रेडियोकर्मीहरूले सरकारले सरकारी विज्ञापन कटौती गर्न नहुने धारणा राख्दै विभिन्न चरणमा सात प्रकारका कर तिर्नुपर्ने झन्झटिलो प्रक्रियाबाट पीडित हुनुपरेको गुनासो गरे । पत्रकार सम्मेलनमा सहभागी नेपाली रेडियो नेटवर्कका प्रबन्ध निर्देशक अमृत अधिकारीले आमजनतामा अझै पनि लोकप्रिय र प्रभावकारी माध्यम रेडियो भएको बताउँदै राज्यले यसको संरक्षणका लागि लचिलो नीति अपनाउनुपर्ने धारणा राखे । उनले कर छुट र विज्ञापनमा सहजीकरण गरिदिँदा रेडियो बाँच्ने आधार सिर्जना हुने भन्दै सरकारसँग सोका लागि आग्रह गरे ।

**वीरगञ्जमा ६१ प्रतिशत गणना सम्पन्न**

औद्योगिक तथा व्यापारिक नगरी पर्सामा १४ हजार १५६ वटा प्रतिष्ठानमा आर्थिक गणना सकिएको छ । तथ्यांक समन्वय कार्यालय वीरगञ्जले यहाँका २३ हजार ३०० प्रतिष्ठानको आर्थिक गणना गर्ने लक्ष्य राखेकामा अहिलेसम्म ६१ प्रतिशत मात्रै आर्थिक गणना भएको जनाएको हो ।

तथ्यांक समन्वय कार्यालय वीरगञ्जका प्रमुख पुस्कर बिजुक्छेले पर्सामा रहेका ठूला औद्योगिक प्रतिष्ठानले आर्थिक गणनामा अपेक्षाकृत ढंगले सहयोग नगरेका गुनासो गरे । उनले वीरगञ्जका केही प्रतिष्ठानमा सडक विस्तारको क्रममा असर पारेकाले तथ्यांक संकलनमा समस्या भइरहेको बताए ।

'जिल्लामा ६६ जना गणक आर्थिक गणनाका लागि खटिनुभएको छ । प्रतिष्ठानहरूले आवश्यक समन्वय गरेर तथ्यांक उपलब्ध नगराउँदा भने तथ्यांक प्राप्तिमा समस्या भइरहेको छ', प्रमुख बिजुक्छेले भने, 'यही जेठ ७ गते समीक्षा बैंठक राखेर तथ्यांक उपलब्ध नगराउने प्रतिष्ठानको सूची बनाएर आवश्यक निर्णय लिइनेछ ।'

यहाँ आर्थिक गणना सुपरीवेक्षणको लागि नौ जना गणक खटिएका छन् । प्रशासनले प्रतिष्ठान र व्यवसायको जानकारीले देशको आर्थिक नीति निर्माण र आर्थिक योजना तर्जुमा कार्यमा ठूलो सहयोग पुग्ने जनाएको छ । आर्थिक गणनामा दर्ता भएका वा नभएका, स्थायी वा अस्थायी सबै प्रकारका आर्थिक गतिविधि गर्ने प्रतिष्ठान र व्यवसायले यो गणनामा भाग लिन सक्ने बताइएको छ ।

## हस्तकला प्रदर्शनी जेठ ८ देखि

**काठमाडौं (प्रस)–** नेपाल हस्तकला महासंघको आयोजनामा यही जेठ ८ देखि १० गतेसम्म 'हस्तकला प्रदर्शनी तथा सांस्कृतिक कार्यक्रम' हुने भएको छ । महासंघले सोमबार पत्रकार सम्मेलन गरी नेपाली हस्तकला क्षेत्रको प्रवर्द्धनका लागि काठमाडौँको बालुवाटारस्थित अम्रपाली ब्यांक्वेटमा तीनदिने प्रदर्शनी आयोजना गर्न लागिएको जानकारी दिएको हो । पत्रकार सम्मेलनमा महासंघका अध्यक्ष रवीन्द्र शाक्यले स्थानीयस्तरमा उत्पादित हस्तकला वस्तुको प्रदर्शनी एवम् प्रचारप्रसार गरी उद्यमीलाई बजारसम्म पहुँच पुऱ्याउने र परम्परागत सीपको संरक्षण गर्ने उद्देश्यका साथ प्रदर्शनी आयोजना गरिएको जानकारी दिए ।

हस्तकला क्षेत्रले नेपालमा लाखौँको संख्यामा रोजगार सिर्जना गरेको र वार्षिक करिब २८ अर्ब रूपैयाँ बराबरको सामग्री निर्यात भइरहेको उनको भनाइ छ । उक्त मेलामा हस्तकला प्रदर्शनी तथा बिक्रीका साथै विविध सांस्कृतिक कार्यक्रम हुने अध्यक्ष शाक्यले बताए ।

मेलामा स्थानीय उद्यमी, कलाकार तथा कालिगढले प्रत्यक्ष रूपमा आफ्नो सीप प्रदर्शन गर्नेछन् । 'मेक इन नेपाल' र 'मेड इन नेपाल'को अवधारणालाई आत्मसात् गर्दै आयोजना हुन लागेको उक्त प्रदर्शनीमा करिब ७० वटा कक्ष रहने महासंघले जनाएको छ । महासंघका महाप्रबन्धक उत्तमप्रसाद देवकोटाले मेलामा हस्तकलाका साथै अन्य निर्यातजन्य नेपाली वस्तु र सेवाको पनि प्रदर्शनी गरिने बताए ।

## नेप्सेमा झिनो अंकको गिरावट

**काठमाडौं (प्रस)–** धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक सोमबार झिनो अंकले ओरालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार कारोबार मापक नेप्से परिसूचक एक दशमलव शून्य तीन अंकले ओरालो लागेर दुई हजार सात सय ३० दशमलव ९१ मा सीमित भएको हो ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक भने शून्य दशमलव ५० अंकले उकालो लागेर चार सय ६८ दशमलव शून्य पाँचमा पुगेको छ । कुल तीन सय ३९ कम्पनीको ५८ लाख २८ हजार छ सय चार कित्ता सेयर रु दुई अर्ब ४५ करोड आठ लाख ७८ हजार चार सय ४९ मूल्यमा खरिद बिक्री भएको छ ।

कारोबार भएका कम्पनीमध्ये एक सय १९ कम्पनीको सेयर मूल्य वृद्धि भएको छ भने एक सय ३२ कम्पनीको ओरालो लागेको छ । कुल १८ कम्पनीको सेयर मूल्यमा भने कुनै परिवर्तन भएको छैन । कारोबारका आधारमा साहस ऊर्जा, रिलायान्स स्पिनिङ मिल्स, एसवाई प्यानल, अपी पावर कम्पनी र शिवम् सिमेन्ट शीर्ष पाँचभित्र पर्न सफल भएका छन् ।

त्यस्तै, इंग्वा हाइड्रोपावर, बुंगल हाइडड्रोपावर, सगरमाथा जलविद्युत् कम्पनी, एनआइबिएल समृद्धि फण्ड दोस्रो र प्रभु बैंकको विडेञ्चरका लगानीकर्ताले कमाएका छन् । निफ्रा ऊर्जा ऋणपत्र, एसवाई प्यानल नेपाल, पाल्पा सिमेन्ट, भगवती हाइड्रोपावर र बोटलर्स नेपालका लगानीकर्ताले भने गुमाएका छन् ।

## एक्स्ट्रिम इनर्जी ड्रिंक्सको 'स्क्यानमा सुन' अभियान सार्वजनिक

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेपाली युवामाझ लोकप्रिय एक्स्ट्रिम इनर्जी ड्रिंक्सले आगामी विश्वकप फुटबल प्रतियोगिता २०२६ को माहोललाई थप रोमाञ्चक बनाउन 'स्क्यान मा सुन' नामक आकर्षक उपहार योजना सार्वजनिक गरेको छ ।

फुटबलप्रेमी तथा ग्राहक लक्षित यस अभियान अन्तर्गत एक्स्ट्रिम इनर्जी ड्रिंक्सको क्यानमा रहेको क्यूआर कोड स्क्यान गरी आफ्नो विवरण भरेपछि ग्राहकहरू गोलाप्रथामा सहभागी हुन सक्नेछन् ।

यस अभियानमार्फत सहभागीहरूमध्ये ३ जना भाग्यशाली विजेतालाई जनही सुनको बल पुरस्कार प्रदान गरिने कम्पनीले जनाएको छ । साथै, यो योजना जेष्ठ १ गतेदेखी विश्वकप फुटबल प्रतियोगिता २०२६ को खेल अवधिभर सञ्चालन गरिने छ ।

विश्वकप फुटबल २०२६ को विश्वव्यापी उत्साहलाई नेपाली बजारसँग जोड्दै ग्राहकलाई थप उत्साहित र सहभागी बनाउने उद्देश्यले यो योजना ल्याइएको कम्पनीको जनाएको छ ।

कम्पनीका अनुसार 'स्क्यान मा सुन' अभियानले फुटबलप्रेमी युवाहरूमा मनोरञ्जन, सहभागिता र पुरस्कारको उत्साह एकैसाथ प्रदान गर्ने विश्वास लिइएको छ । एक्स्ट्रिम इनर्जी ड्रिंक्सले विगतदेखि नै युवा लक्षित विभिन्न नविनतम अभियान सञ्चालन गर्दै आएको छ भने यस अभियानले पनि बजारमा थप उत्साह सिर्जना गर्ने अपेक्षा गरिएको छ ।

अभियान सम्बन्धी थप जानकारी एक्स्ट्रिम इनर्जी ड्रिंक्सको आधिकारिक सामाजिक सञ्जाल प्राप्त गर्न सकिनेछ ।

## स्थानीय उत्पादनको बजारीकरण गर्दै बडिगाड

**गलकोट (बागलुङ)–** बागलुङको बडिगाड गाउँपालिकालाई स्थानीय उत्पादनको हबका रूपमा विकास गर्न थालिएको छ । गाउँपालिकाको पहिचानका रूपमा विकास भइसकेको ढाकाको कपडा, महलगायत स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्न थालिएको हो । गाउँपालिका परिसरमा सञ्चालन भइरहेको 'स्थानीय उत्पादन मेला २०८३' मा स्थानीय उद्यमी आफ्ना उत्पादन देखाउन व्यस्त देखिन्छन् । मेलाले उत्पादक र उपभोक्तालाई प्रत्यक्ष भेट गराउने अवसर जुटाएको छ ।



बडिगाड गाउँपालिका-७ मा दुनाटपरी उद्योग सञ्चालन गर्दै आएकी रविना थापाले मेलालाई आफ्नो उत्पादनको प्रचार गर्ने प्रभावकारी अवसरका रूपमा लिएकी छिन् । गाउँ नजिकैको वनमा खेर गइरहेको सालको पात प्रयोग गरेर दुनाटपरी उत्पादन गर्दै आएकी उनले बजार विस्तार अपेक्षाअनुसार हुन नसकेको गुनासो गरिन् ।

विसं २०७८ मा करिब रु तीन लाख ५० हजार लगानी गरेर उद्योग सुरु गरेकी थापाले वर्षमा रु एक लाख ५० हजारदेखि रु दुई लाखसम्म कारोबार हुने गरेको जानकारी दिइन् । पूजाआजा र लगनका समयमा माग बढ्ने भएकाले आवश्यक पर्दा कर्मचारी राखेर उत्पादन गर्ने गरेको उनको भनाइ छ ।

'थापा बहुउद्देश्यीय कृषि फार्म' बाट उत्पादन भएको महको बजारीकरण गर्न बडिगाड-६ का जीतबहादुर थापा मेलामा सहभागी भएका छन् । थापाले सेरेना जातका करिब १०० घार मौरीपालन गर्दै आएका छन् । उनले वर्षमा ६० देखि ७० घार मौरीसहित गोला बिक्री गर्नुका साथै करिब सात क्विन्टल मह उत्पादन गरिरहेको जानकारी दिए । मह प्रतिकिलो रु एक हजार ३०० मा बिक्री हुने गरेको भन्दै उनले वार्षिक रु १५ लाखसम्म कारोबार र करिब रु आठ लाख नाफा हुने गरेको जानकारी दिए ।

बडिगाडको पहिचान बनिसकेको ढाका उद्योग सञ्चालक मायाकुमारी केसीले ढाकाबाट बनेका कपडाको बिक्री वितरण भइरहेको जानकारी दिइन् । 'बडिगाड ढाका एण्ड बुटिक उद्योग' मार्फत छ जना महिलाले उत्पादन गरेका सामग्रीको बजारीकरण गर्ने गरिएको उनले बताइन् । केसीका अनुसार उद्योगमा रेशमका साडी, कुर्था, कोट, सल, झोला तथा टोपी उत्पादन हुँदै आएका छन् । स्थानीय बजारमा मात्रै सीमित रहेको व्यापार पछिल्लो समय अनलाइनमार्फत विस्तार हुन थालेको उनले बताइन् ।

स्थानीय उत्पादनको प्रवर्द्धन र बजारीकरण गर्ने उद्देश्यले 'बडिगाड स्थानीय उत्पादन मेला २०८३' आयोजना गरिएको गाउँपालिकाका अध्यक्ष गण्डकी थापा अधिकारीले जानकारी दिइन् । उनका अनुसार गाउँपालिकाको मुख्य आयोजना तथा नेपाल गाजा डेभलपमेन्ट फाउण्डेसन, जीप र दायित्व संस्थाको सहकार्यमा साताव्यापी मेला सञ्चालन गरिएको हो ।

'महिला बडिगाड उद्यमी आइकन छनोटका लागि विभिन्न चरणका कार्यक्रम सञ्चालन गरेका छौं', अध्यक्ष अधिकारीले भनिन्, 'हाल उत्कृष्ट १० को चरणमा प्रवेश गरेका छौं । स्थानीय उत्पादनको प्रवर्द्धन र बजारीकरणमा सघाउने उद्देश्यले कार्यक्रम अघि बढाइएको हो ।' गाउँपालिकाले स्थानीयका सटर भाडामा लिएर उद्यमीलाई निःशुल्क कक्ष उपलब्ध गराएको छ । गाउँका उद्यमीलाई बजारसँग जोड्न मेलाले महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

पोषण सप्ताहसमेत सञ्चालन भइरहेकाले स्थानीय कृषकले उत्पादन गरेका खाद्यान्न र स्थानीय अन्नबाट बनेका परिकारलाई मेलामा प्राथमिकताका साथ राखिएको छ । एक गतेदेखि सञ्चालित मेला जेठ ७ गतेसम्म सञ्चालन हुनेछ । *रासस*

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ